# अध्याय - एक

## १. परिचय

नेपाल एउटा बहुजातिय, बहुभाषिक एवं बहुसांस्कृतिक मुलुक हो । भौगोलिक रूपमा छिमेकी मुलुक भारत र चीनको तुलनामा सानो राष्ट्रको रूपमा रहेपनि यहाँको धरातलीय वातावरण तथा वनस्पतिमा अत्यन्त विविधता पाइन्छ । जसमा विभिन्न भाषाभाषि तथा जातजातिका मानव समुदायहरू बस्ने गर्दछन् । नेपालको बसाई सराईको इतिहासलाई हेर्ने हो भने, विभिन्न जाति समुदायका मानिसहरू विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपाल प्रवेश गरेको पाइन्छ ।

यसरी विभिन्न समयमा नेपाल प्रवेश गर्ने क्रममा विभिन्न जाति समुदायहरूले आफ्नो भाषा, धर्म र संस्कृतिलाई सँगै लिएर आए । समय क्रमसँग परिवर्तनहरू पनि भए । यही क्रममा नेपालमा जातिय विविधता देखा पर्‍यो ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२५ जनजातिहरू र १२३ भाषा तथा भाषिका रहेका छन् । नेपालको हिमाली क्षेत्रमा मंगोलियन मुलका शेर्पा, भोटे, तामाङ्ग र थकाली आदि जाति समुदायको बसोबास रहेको छ । मध्य पहाडि भेगमा मगर, गुरुङ, नेवार आदिको बसोबास रहेको छ । त्यसैगरी दक्षिण भेगमा मेचे, चेपाङ, धिमाल, दनुवार, यादव, थारु, सतार, राजवंशी, मैथिली, मुलसमान र मारवाडी आदिको बाहुल्यता रहेको पाइन्छ । यसरी भौगोलिक क्षेत्र अनुसार विभिन्न जाति समुदायहरूको छुट्टै बसोबास रहनाका साथै यिनीहरूको भाषा, धर्म, संस्कृति पनि भिन्नाभिन्नै रहेको छ ।

विश्वको जुनसुकै राष्ट्रमा पनि आदिवासी जनजाति समुदायसँग सम्बन्धित मुद्धाहरू प्रशस्त उठेका छन् । जातिय विभेद र उनीहरूको सिमान्तीकरण विद्यमान संस्कृतिमा विविधता भएका कारण वर्तमान नेपालको समान जातिय संरचनाको लागि प्राथमिक चुनौतिको रूपमा रहेको छ । नेपालमा पनि बर्षे देखि पिछडिएर रहेका यि जनजातिहरूको भाषा, धर्म, सस्कार आदिलाई संरक्षण, तिनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगार मात्र नभई राज्यको निर्णयक तहमा पनि समान अवसर र पहुँचको आवश्यकता देखिन्छ । आदिवासी जनजाति को हुन् ? भन्ने सन्दर्भमा २०५३ तत्कालिन श्री ५को सरकारद्धारा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यदलले जनजाती भन्नाले आफ्नै मातृभाषा र परम्परागत रितीरिवाज भएको तर हिन्दु बर्णानुक्रम (बाहुन, क्षेत्री, वैष्य र शुद्र) व्यवस्था भित्र नपर्ने,

आफ्नै छुट्टै संस्कृति, भाषा, धर्म, रितिरिवाज तथा लिखित अलिखित इतिहास भएको परम्परागत सामाजिक संरचनामा आधारित नेपालका आदिवासी या मुलवासी भएका र हामी भन्ने भावना भएका राज्यको मुल प्रवाहबाट पछाडि पारिएका, आफूलाई जनजाति भनि दावी गर्ने समुदाय हुन् भन्ने बुझिन्छ ।

आदिवासी तथा जनजातिहरू नेपालको विभिन्न भौगोलिक क्षेत्रहरूमा छरिएर रहेका छन् । २०६८ सालको जनगणना अनुसार ६१ वटा जनजातिहरू रहेको पाइन्छ । आदिवासी जनजातिभित्र मगर जातिको उल्लेख्य बाहुल्यता रहेको छ । जातजातिको आधारमा जनसंख्या वितरणलाई हेदा ७.१२ प्रतिशत मगर जातिले ओगटेको छ (के.त.बि., २०६८)। नेपालको संविधान २०७२ को धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ, जसअनुसार : (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ (नेपालको संविधान, २०७२)।

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली समाजका विभिन्न समुदायमा आफ्नै प्रकारका संस्कार र संस्कृति छन् । यसरी प्राय सस्कृतिका विविध पक्षमा विविधता छन् । समाजमा सामाजिक विभेद पनि प्रशस्त छन् । विकासका निमित्त राज्य र गैरराज्यका कयौं गतिविधि संचालन छन् । सबैको चाहना, परिस्कृत सभ्य र सम्पन्न समाजको निर्माण हो । तर सो कुराको महसुस ग्रामिण भेगका मानिसले कम गरिरहेको अवस्था छ । यसकारण मगर जातिका मानिसका सामाजिक संरचना र वानी व्यवहारको अध्ययनबाट मगर समाजका वास्तविकता पहिल्याउनु आवश्यक छ । केही बिद्वानबाट (Molnar, 1981, Hitchock, 1966) मगर जातिको अध्ययन भएपनि नेपालीबाट कम अध्ययन भएका छन् । यसकारण मगर समुदायको अध्ययनको आवश्यक छ । यो अध्ययन नेपालको ललितपुर जिल्लामा बसोबास गर्ने मगर समुदायको हो ।

वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा मगरको कुल जनसंख्या १८८७७३३ र त्यसमध्ये ललितपुरमा बसोबास गर्ने मगर जातिको जनसंख्या २१९३४ रहेको छ । (के.त.वि.,

२०६८) । यसैगरी कार्यविनायक नगरपालिकास्थित मगरगाउमा बस्ने मगर जातिको संख्या ७४० रहेको छ ।

यसै कममा मगर जातिको बारेमा भएका अध्ययनहरू मध्ये बराल मगर (२०५०) का अनुसार नेपालका मगरहरू पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समुह पश्चिम भेगबाट आएका मनाङ्गवाका सन्तानहरू नै सर्वप्रथम २३०० इ.पु. तिर प्रवेश गरेका थिए । मगर जातिको उत्पति चीनको सीम भन्ने स्थानबाट भएको र यिनीहरूलाई स्थानिय बासिन्दाहरूले तानसाङ थापा भन्थे किनभने तानसाङको अर्थ उत्तर आङको अर्थमा भन्ने हुन्छ । यसरी उत्तरबाट आएका मगरहरूको मुल वासस्थान उच्च हिमाली भाग हुनुपर्ने हो । यसरी विभिन्न विद्वानहरूको भनाई र किम्वदन्तीहरूलाई आधार मानेर तार्किक रूपले प्रष्ट गर्ने प्रयास गरिएको छ ।

नेपालको मगरात प्रदेश भनेर पश्चिमी पहाडी क्षेत्रलाई मानिन्छ । नेपालमा बसोबास गर्ने माथि उल्लेखित जाति तथा जनजातिहरूमा जसरी जनसंख्याको विविधता पाइन्छ, त्यसैगरी यिनीहरूको शारीरिक बनोट, सांस्कृतिक भिन्नता, धार्मिक भिन्नता, सामाजिक भिन्नता समय अन्तरालमा भएको सामाजिक परिवर्तनहरू, यिनीहरूको खाना, पोशाक, चाडपर्वहरू भाषामा पनि ठाउँ पिच्छे नै फरक पाइन्छ ।

मगर जातिको बसोबास क्षेत्र, जीवनशैली, धारणा र उनीहरूको संस्कारमा निकै सुन्दर अभ्यास पनि छन् । जसलाई राज्यले संस्थागत गर्न आवश्यक छ । नेपालमा मगर समुदायको आर्थिक अवस्थाबारे हेर्दा यो समुदायका धेरै मानिसहरूले सैनिक पेशालाई अंगालेका छन् । यो नै यिनीहरुको प्रमुख आयस्रोतको पेशा हो । यसै पेशाबाट आएको धनले जहान परिवार पालिएका हुन्छन् ।

मगर समुदायका वास्तविक दृष्टिकोण ज्ञान चेतना र त्यससँग जोडिएको सामाजिक आर्थिक, भौतिक, प्राकृतिक मानविय गतिविधिको अध्ययन गर्नेप्रति सबैको सकारात्मक भावनाको विकासको आवश्यकता छ । यस अर्थमा ललितपुर जिल्लाको कार्यविनायक नगरपालिका मगरगाँउका मगर जातिका मानिसको आर्थिक सम्बन्ध र त्यसमा आश्रित वा निर्देशित सामाजिक अवस्थाको अध्ययन गरी समस्याको सामान्यिकरण गर्न यस अध्ययनले प्रयास थालनी गरेको छ । जसले बाँकि रहेका थुप्रै विषयको अध्ययन कर्तालाई समेत उत्प्रेरणा मिल्ने अपेक्षा गरेको छ ।

## १.२ समस्याको कथन

नेपालमा बसोबास गर्ने नेपालीहरू मध्ये ३१ प्रतिशत मानिसहरू गरीबीको रेखामुखी छन् र समग्र मानव विकाश सूचकाङ्क ०.५४३ सहित विश्वको १४५ स्थानमा छ (UNDP, 2014)। सरकारी र गैर सरकारी निकायले कुनै न कुनै रूपमा गरिबको आर्थिक सामाजिक सुरक्षामा सहयोगका कृयाकलाप संचालन गरेका छन् । यद्यपि उनीहरूको जीवनस्तरमा उल्लेख्य सुधार भएको पाइदैन ।

कार्यविनायक नगरपालिकाका मगरहरूले आय आर्जनका लागि सेना, प्रहरी, बैदेशिक रोजगारी र ज्याला मजदुरी जस्ता पेशामा अंगालेको पाइन्छ । तर पनि उनीहरूको आर्थिक अवस्था कमजोर रहेको भेटिन्छ । विश्वव्यापीकरण आधुनिकीकरणले गर्दा उनीहरूको परम्परागत पेशा तथा जिविकोपार्जनमा पनि परिवर्तन भएको देखिन्छ । यसकारण उनीहरूको हालको आर्थिक अवस्था के कस्तो रहेको छ ? उनीहरूको जीवनयापनका श्रोत तथा माध्यम के के हुन् ? भन्ने कुराहरूलाई यस अध्ययनमा समेट्न खोजिएको छ ।

परम्परागत संयुक्त परिवारमा बस्न रुचाउने मगरहरू हाल आएर एकल परिवारतर्फ विस्तारै आकर्षित हुँदै गएको देखिन्छ । यसका साथै मौलिक लोक संस्कृति, रीतिरीवाजका धनी मगरहरूको आफ्नो रितिरिवाज विवाह संस्कार, चाडपर्व, पुजाआजा विस्तारै परसस्कृति ग्रहणको कारणले हराउदै जाने स्थितिमा रहेको पाइन्छ । यसर्थ उनीहरूको सामाजिक तथा सांस्कृतिक अवस्था के कस्तो रहेको छ ? सामाजिक मुल्य मान्यता के हो ? उनीहरूको मौलिक संस्कृतिमा हाल आएर के कस्ता कारणले प्रभावित भएको छ ? जस्ता कुराहरू प्रति उनिहरुको दृष्टिकोण पनि यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यमा नेपालको ललितपुर जिल्ला अन्तर्गत पर्ने कार्यविनायक नगरपालिकाको मगरगाँउमा बसोबास गर्ने मगरहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन गर्न निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

क) मगर समुदायका मानिसहरूको सामाजिक पक्षको विश्लेषण गर्ने ।

ख) मगर समुदायका मानिसहरूको आर्थिक अवस्थाको बारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको औचित्य

नेपालमा धेरै अध्ययनहरू विभिन्न विषयहरूमा केन्द्रित गरिएका छन् जुन विषयमा जे जस्ता अध्ययन भएतापनि तिनीहरूको प्रत्यक्ष र परोक्ष सम्वन्ध मानिससंग हुन्छ । विभिन्न समयमा अध्ययन तथा अनुसन्धानहरू भएको पाईन्छ । तथापि मगर समुदायको विषयमा भने निकै कम अध्ययन तथा अनुसन्धान भएको पाईन्छ । त्यसैले मगर समुदायका मानिसहरूको सामाजिक, आर्थिक अवस्था तथा समुदायका मानिसहरूको जिविकोपार्जन सम्वन्धी अध्ययन तथा अनुसन्धान हुन जरुरी छ । त्यस कारण यो अध्ययन ललितपुर जिल्लाको कार्यविनायक नगरपालिकाको मगरगाँउमा बसोबास गर्ने मगर समुदायमा केन्द्रित गरिएकोछ । यस अध्ययनले सम्वन्धित विषयका योजनाकार, नीति निर्माता, अनुसन्धानकर्ता तथा अन्य यस विषयमा जानकारी लिन चाहनेहरूका लागि सहयोग पुऱ्याउनेछ ।

## १.५ अध्ययनको सिमा

समय, साधन, विषयबस्तुको विस्तृत तथा जटिलता आदि कारणहरूले अध्ययनलाई सीमा निर्धारण गर्न जरुरी हुन्छ । तसर्थ यस अध्ययनका सीमाहरू निम्नानुसार रहेको छ ।

- यस अध्ययन क्षेत्र सानो छ , जसले ललितपुर जिल्लाको कार्यविनायक नगरपालिकाको मगरगाँउ मात्रै समेटेकोछ ।
- सोध कार्यमा अध्ययन गर्न खोजिएका केहि पक्षहरू गुणात्मक अनुसन्धानबाट गर्नुपर्ने भएकोले सो अनुसन्धानको लागि अन्तरवार्ता तथा अवलोकनका साधनहरूलाई मात्र उपयोग गरिएकोछ ।
- अध्ययन क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनसांख्यिक, सामाजिक, आर्थिक पक्षलाई मात्र समेटिएकोछ ।
- यस कार्यविनायक नगरपालिकाका मा बसोबास गर्ने मगरहरू मध्ये ६५ घरसंख्यालाई मात्र नमूनाको रूपमा लिईएको हुनाले सम्पूर्ण घरसंख्याको विस्तृत अध्ययन गर्न सकिएको छैन ।

# अध्याय दुई
# पूर्व साहित्यको समिक्षा

## २.१ पूर्व साहित्यको समिक्षा

पूर्व साहित्यको समिक्षाले कुनैपनि अनुसन्धानको विगतमा भएका कियाकलाप तथा तिनको निचोड अध्ययन गरि वर्तमान अनुसन्धानलाई दिशानिर्देश गर्छ । यस अन्तर्गत अनुसन्धानसंग सम्बन्धित विभिन्न पुस्तक, जर्नल, अनुसन्धानकृति, रिपोर्ट  तथा निति नियमहरुको पुनरावलोकन गरिन्छ । सामाजिक तथा आर्थिक अध्ययनको माध्यमबाट समाजमा ब्याप्त सामाजिक तथा आर्थिक सूचकको विश्लेषणगरि समाजको स्तरिकरण बुझ्न सकिन्छ । भुषण (१९८९)का अनुसार मानिसको सामाजिक, आर्थिक हैसियत सम्पन्नताका अलावा उमेर, जातिगत जिवनशैली, भौगोलिक अवस्था र कानुनी तथा राजनीतिक संरचनाले तय गर्छ ।

नेपालको सन्दर्भमा सामाजिक असमानताको कारक तत्व जात, वर्ण, लिङ्गको आधारमा गरिने भेदभाव र अशिक्षा तथा पछौटेपन रहिआएको छ । साथै परम्परागत कृषिमा आधारित अर्थतन्त्रले गर्दा गरिवी पनि प्रमुख सामाजिक समस्याको रुपमा रहेकोछ । समाजका विभिन्न स्तर मध्ये गरिवी एक सामाजिक प्रकिया हो जुन अशिक्षा, वेरोजगारी, भूस्वामित्वको कमि, कमजोर स्वास्थ्य तथा निर्णय प्रकियामा सिमित पहुंचद्धारा निर्धारित हुन्छ (न्युपाने, १९९७)। नेपालमा विभिन्न जनजातिहरुको सामाजिक तथा आर्थिक अध्ययन भएका छन ।

मगरहरूको कूल जनसंख्या १८८७७३३ छ । (के.त.वि., २०६८) मगरहरूको बसोबास तराई, पहाड (महाभारत) उच्च पहाड तथा हिमाली सबै क्षेत्रमा रहेको पाइन्छ । खासगरी पाल्पा, गुल्मी, अर्घाखाची, स्याङ्जा, बाग्लुङ्ग, पर्वत, म्याग्दी, तनहुँ, गोर्खा, नवलपरासी, रूपन्देही तथा पश्चिम नेपालको रोल्पा, रुकुम, डोल्पा, दैलेख, जाजरकोट, प्युठान तथा पूर्वको ताप्लेजुङ, धनकुटा लगायत पूर्वि तराइमा बसोबास रहेका मगरहरू धेरै जाति रहेको पाइन्छ । यसै गरी धादिङ्ग, गोरखा, काभ्रेपलान्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, पोखरा, तनहुँ आदि ठाउँमा पनि केही मात्रामा मगरहरूको बसोबास रहेको पाइन्छ (Vansittart,1993)। मगर जाती नेपाली बसोबासी जाती मध्ये एक ऐतिहासिक पुरानो जाति हो, जो पूरा नेपालभरी तथा भारत को नेपालको पूर्वितर्फको सिक्कीम दार्जिलीङ्ग, डुवर्स आसाम, अरुणाचल प्रदेश, मणिपुर, त्रिपुरा, मेघालय र नागाल्याण्ड तथा नेपालको

पश्चिमको तर्फ भारतको देहरादुन, अल्मोडा, हिमाञ्चल प्रदेशसम्म फैलिएर रहेको वा छरिएर रहेको पाइन्छ (Gautam and Thapa, 1994) । सामाजिक रूपमा मगरहरूको शिक्षा, स्वास्थ्य विकास आदिको मुल प्रवाहबाट हाल टाढा रहेको पाइन्छ। सेना, प्रहरी, बैदेशिक रोजगारी र ज्याला मजदुरी जस्ता पेशामा बाहेक राज्यका निकायहरुमा मगरहरूको न्यून सहभागिता देखिन्छ । राज्यका हरेक अंगमा समानुपातिक सहभागिता र निर्णायक तहसम्मको पहुँच लाइ सुगम बनाउँन के कस्ता कुराले प्रभाव पार्दा रहेछन र कसरि ति कुरासंग मगरहरुको सामाजिक सांस्कृतिक सम्बन्ध गांसिएको छ भन्ने कुराहरूको सम्बोधनले मगरको उत्थानकालागि योगदान दिनसक्छ (Sinjali, 2012)।

मगरहरूका जातिमा पनि धेरै उपथरहरू रहेका छन् जसमध्ये बुढा, घर्ति, रोका, पुन, रानाभाट केही हुन् । मगर जातीहरूका आफ्नै निश्चित भाषा, संस्कृति, चालचलन, रितीरिवाज, सामाजिक मुल्य, मान्यताहरू रहेका छन् । जसले उनीहरूको समाजलाई आफ्नै ढंगले चलाइरहेको हुन्छ । विवाह, परिवार जस्ता संस्थाहरूले सामाजिकीकरणमा निकै योगदान पुऱ्याएका छन् । जन्म, पास्नी जस्ता जीवनचक्रीय संस्कार अन्य जाती भन्दा भिन्न रहेको यस जातीमा विस्तार विस्तार भाषा चलन तथा सस्कृतिको असर पनि देख्न सकिन्छ । मृत्युसंस्कार, धर्म, चाडहरू, पेशा, सामाजिक स्थिति, पहिरन, गरगहना र सामाजिक संगठन आफ्नै मौलिक खालको देखिन्छ । खास गरी मंगोलियन मुलका थेप्चानाक भएका मगरहरूको आफ्नै मौलिक चेतना तथा ज्ञानको भण्डार रहेको हुन्छ । नेपालका अन्य जाती ब्राम्हण क्षेत्रीहरूसँग यिनीहरूको अन्योन्याश्रीत सम्बन्ध रहेको पाइन्छ । राष्ट्रनिर्माणमा मगरहरूको भूमिका उच्च रहेको कुरा त आधुनिक नेपालको एकिकरण प्रकृयामा पृथ्वीनारायण शाहलाई मगरहरूको फौजी सहयोग अति उच्च विन्दुमा थियो भन्नेबाट नै प्रष्ट हुन्छ (बिष्ट, १९६७)।

मगरहरुले भाषा, चालचलन , रितिरिवाज र धर्म आदीमा पनि खसहरुले जस्तै बाहुनलाइ र बाहुनकै शिक्षादीक्षालाई मान्दै आएका छन् । धेरै समयसम्म पहाडमा बसेपनि आजकल मगरहरु तराईमा पनि खेतिगरि बस्न थालेका छन् । तैपनि धेरैजसो मगरहरु लुम्बिनी, राप्ती र धौलागिरी अञ्चलका पहाडी क्षेत्रमा नै बसेका पाइन्छन् (बिष्ट, २०३४)।

गुरुङका (२०६७) अनुसार मगरहरु गण्डकी प्रदेशका प्राचिन बासिन्दा भएको तथ्य मगर भाषाबाट आएको गण्डकी नाम, जसमा मगर भाषामा गान को अर्थ हरियो र डी अथवा दी को अर्थ पानी, खोला र नदी भएबाट पनि स्पष्ट हुन्छ । साग जस्तो हरियो वर्ण भएको नदीलाई मगर

भाषामा गनाडी भनिन्छ । पछि त्यहि गनाडी संस्कृतकरण भई गण्डकी शब्दको व्युत्पत्ति भएको भन्ने छ ।

मगरहरु एकदमै कुशल कारिगर तथा तामाको काम गर्नमा निकै सिपालु रहेको कुरा हेगनले (१९७०)उल्लेख गरेका छन । त्यस्तै अनेकन सामाजिक तथा राजनितीक परिवर्तनका बावजुद मगरहरुको राज्यका स्रोतहरु मथिको समान पहुंच स्थापित हुन नसकेको र नेपालको सबै भन्दा ठुलो जनजाति भएतापनि त्यसका आवश्यकता र मागको समुचित सम्बोधन नभएको कुरा पनि मुद्दाको रुपमा बांकि रहेको आवाज पनि बलियो छ (थापा मगर, २०१३) ।

Hitchcock (1966), का अनुसार मगरहरु जिविकोपार्जनका लागि कृषिपेशा अँगाल्ने गर्दछन र मुख्यतया तिनको कृषि उपज मकै, कोदो, गहुँ र जौं हुने गर्दछ । त्यस्तै, सबै मगरहरु कोदो र मकैका अतिरिक्त सिचांई सुविधा उपलब्ध भएको ठाँउमा धानखेती पनि गर्दछन । तर, कम उर्वराशक्ती भएको जमिन र युवाहरुको विदेश पलायनले गर्दा उनिहरुको उत्पादनले वर्षभरिलाई अपुग हुनजान्छ । सांस्कृतिक रुपमा मगरहरु हिन्दु धर्मबाट प्रभावित देखिन्छन भने भाषागत रुपमा तिनिहरुको आफ्नै तिब्बत-बर्मेली भाषिका “मगरकुरा” मा संवाद गर्दछन ।

(

# अध्याय तीन

# अनुसन्धान पद्दति

अनुसन्धानको मुख्य उद्देश्य स्थापित सिद्धान्तको बारेमा व्यवहारिक अवलोकनबाट वास्तविकता पत्ता लगाउनु हो । शोधकार्यलाई व्यवस्थित र क्रमबद्ध ढंगले संचालन गर्न विधिको आवश्यकता पर्दछ । अनुसन्धानमा विधि भन्नाले समस्या पहिचान गर्ने पूर्व सामाग्रीको छनौट तथा त्यसको अनुसन्धानसँगको सम्बन्ध स्थापित गर्ने, स्थलगत कार्य गर्ने तथा प्रतिवेदन लेख्ने प्रविधि तथा प्रकृयाको सामुहिक रूप हो । शोधपत्रको यस अध्ययनमा किन अनुसन्धानका लागि निश्चित क्षेत्रको वा समुहको छनौट गरियो ? कसरी शोधकार्य संचालन गर्ने । सुचनाको श्रोत कहाँ ? के सँग छ ? कुन साधनको प्रयोगबाट ती सुचनाहरू प्राप्त गर्न सकिन्छ ? उत्तरदाताबाट प्राप्त जानकारीलाई कसरी व्यवस्थित गर्ने तथा प्रस्तुती गर्ने भन्ने रहेको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

नेपालमा मगरहरू विभिन्न भागमा बसोबास गर्दै आइरहेको भए पनि मगरहरूको पुरानो बसोबासको क्षेत्र मानिने ललितपुर जिल्ला भित्र पर्ने कार्यविनायक नगरपालिकाका भित्र अरु जनजाति भन्दा कम जनसंख्या रहेको छ । अध्ययन क्षेत्र कार्यविनायक नगरपालिकाको मगरगाँउमा मगर जातिको बसोबास रहेको छ । त्यसैले कार्यविनायक नगरपालिकाको मगरगाँउको ६५ घरधुरीको मगर जातिको अध्ययन क्षेत्रमा समावेश गरिएको छ । यो अध्ययन क्षेत्र न त सम्पूर्ण रूपमा ग्रामीण छ न त सम्पूर्ण रूपमा शहर नै छ । अध्ययनको लागि मगरजाति छानिनुमा पनि अध्ययनकर्ताको रुचि, जानकारीको लागि उत्सुकता र अन्य जातिभन्दा पिछडिएको जनजाति भएको कारणले गर्दा हो । अन्य क्षेत्रका मगर जातिहरू आफ्नै समुदायका मानिसहरूसँग बस्न चाहन्छन् तर यस क्षेत्रका मगरहरू छरिएर रहेको पाइन्छ । यसको प्रमुख कारण आयस्रोत कम हुनु, जग्गा जमिन महँगो, धेरै जग्गा खरिद गर्न नसक्नु आदि रहेका छन् ।

यस क्षेत्रमा विद्यालयको प्रशस्त उपलब्धिता भएता पनि मगर जातिका बालबालिकाहरू अन्य जातिहरूको तुलनामा धेरै माथि सम्म पुग्न सकेको अवस्था छैन । प्रायजसो ५ वा ९ कक्षा सम्म पढेका हुन्छन् र बीचमा नै पढाई छोडी विदेशी सेनामा भर्ति हुने र वैदेशिक रोजगारी तर्फ आर्कषित हुने गरेको पाइन्छ । छोरीहरूलाई शिक्षाको अवसरमा अन्य क्षेत्रका मगरहरूको तुलनामा बढी सचेत

भएको पाइन्छ । साधारणतया एस.एल.सी. उत्तीर्ण गरे पश्चात विवाह गरिदिने बढी भएको हुँदा केहि केटिहरूले मात्र विवाह पश्चात पढ्ने अवसर पाएका हुन्छन् भने अन्य अवसर नपाउने वा अवसरको सदुपयोग नगर्ने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रलाई छनौट गर्नुको औचित्य यस प्रकार रहेको छ ।

- सोधकर्ता स्वयं यस अध्ययन क्षेत्रको भएको हुनाले अनुसन्धान गर्न साधन र श्रोतको सुविधाको साथै मगरहरूसँग शोधकर्ता नजिक भएको कारणले अनुसन्धान गर्न सजिलो हुन जाने हुनाले ।
- यस अध्ययन क्षेत्रका मगरहरूका आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा अध्ययन गर्न अध्ययनकर्ताको रुचि भएको कारणले ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको प्रकृति वर्णनात्मक ढाँचामा रहेको छ । जसमा मगर जातिको आर्थिक, सामाजिक सांस्कृतिक पक्षहरूलाई वर्णनात्मक ढंगले प्रस्तुत गरिएको छ ।

## ३.३ समग्र नमुना र नमुना छनौट

२०६८ सालको जनगणना अनुसार नेपालमा मगरहरुको जम्मा जनसंख्या १८८७७३३ रहेको छ त्यस्तै ललितपुर जिल्लामा ११८१६ र अध्ययन क्षेत्र मगरगाउँमा बसोबास गर्ने मगरहरूको कुल जनसंख्या ७४० र घरसंख्या १४५ रहेको छ । Randon sampling method बाट नमुना छनौट गर्दा समग्र १४५ घरधुरी मध्ये ६५ घरधुरीलाई नमुनाको रूपमा लिइएको छ । नमुना छनौट गर्ने क्रममा सर्वप्रथम सर्वेक्षणको आधारमा सबै घरहरूबाट घरमुलीको नाम संकलन गरिएको छ । यसरी नमुना छनौटमा परेका घर परिवारबाट एक एक जना घरमूलीलाई आवश्यकता अनुसार आफूले तयार गरेको प्रश्नावली र चेक लिष्टको आधारमा आवश्यक पर्ने तथ्यांक संकलन गरिएको छ । यसरी तथ्यांक संकलन गर्ने क्रममा अन्तरवार्ता लिंदा निर्मित तथा अनिर्मित प्रश्नहरू सोधि आवश्यक तथ्यांक, संस्कारहरूको बारेमा गाउँका जान्ने बुढापाका व्यक्तिहरू, शिक्षक, कर्मचारी तथा स्थानीय नेताहरूलाई मुख्य सुचनादाताको रूपमा लिइएको छ । मुख्य सुचनादाताहरूलाई प्रश्न सोधि आवश्यक पर्ने महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ ।

## ३.४ तथ्यांकको श्रोत र प्रकृति

अध्ययनमा प्रयोग हुने तथ्यांकको प्रकृति गुणात्मक र संख्यात्मक दुवै प्रकारको रहेकोछ । गुणात्मक तर्फ खुल्ला प्रश्नावली तथा व्यक्तिगत छलफल रहेको छ र Key informants सँगको अर्न्तवार्ता र अनौपचारिक छलफलबाट तथा अवलोकनको माध्यमले अध्ययन गरेर मगर जातिको ऐतिहासिक पृष्ठभूमि, आर्थिक सामाजिक जीवनमा रहेका अवधारणाको खोज गर्न मद्दत पुगेको छ । संख्यात्मक रूपमा विभिन्न प्रश्नावली तयार गरेर उनीहरूले अपनाउने समग्र जीवन निर्वाहका पद्धतिमा निश्चित नमुना छनौट विधिको प्रयोग मार्फत सुचना जम्मा गरी विश्लेषण, पहिले प्रकाशन भएका विभिन्न पुस्तक रचना र सन्दर्भग्रन्थबाट, अध्ययन अनुसन्धान तथा सरकारी तथा गैर सरकारी निकायले प्रयोग र संकलन गरेका तथ्यांकलाई द्धितीय तथ्यांकको रूपमा प्रयोग गरिएको छ । त्यस बाहेक फिल्ड कार्यमा प्रत्यक्ष प्रश्नावली तथा अन्य अवलोकन छलफलबाट संकलित तथ्यांकलाई प्राथमिक तथ्यांकका रूपमा प्रयोग गरी अध्ययनलाई बढी सत्यताको नजिक पुर्‍याउने प्रयास गरिएको छ ।

यस अध्ययनले कार्यविनायक नगरपालिकाका मगरगाउँमा बसोबास गरिरहेका मगर जातिहरूका जनसांख्यिक सामाजिक तथा आर्थिक स्थिति (जनसंख्या लिंगगत, उमेरगत, जातिगत, वैवाहिक स्थिति, पेशागत अवस्था आदि) लाई समेटने रहेको छ ।

## ३.५ तथ्यांक संकलन विधि

कुनै पनि विषयको अध्ययन/अनुसन्धान गर्नको लागि तथ्यांक संकलनका विधिहरूको महत्वपूर्ण भूमिका रहन्छ । यो अध्ययन समाजशास्त्रीय अध्ययन भएको हुनाले तथ्यांक संकलन गर्दा प्रश्नावली, अवलोकन पद्दति र मुख्य सूचना दातासँगको अर्न्तवार्ताद्धारा तथ्यांक संकलन गरिएको छ ।

### ३.५.१ प्रश्नावली

कार्यविनायक नगरपालिका मगरगाउँका ६५ घर परिवारलाई नमुना छनौटमा लिइ प्रश्नावलीको प्रयोग गरी शोधकर्तालाई आवश्यक पर्ने तथ्यांक संकलन गरिएको छ । प्रश्नावलीका माध्यमबाट मगरहरूको जनसंख्या स्थिति, रीतिरिवाज, चालचलन, धर्म, विवाह, अन्य संस्कारहरूका साथै विविध सांस्कृतिक र सामाजिक पक्षको बारेमा तथ्यांकहरू संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन पद्धति

यस अध्ययनमा साधारण अवलोकन पद्दतिलाई अपनाई तथ्यांक संकलन गरिएको छ। यो पद्दतिद्धारा यिनीहरूको खानपान, रहनसहन, घरको बनावट, खेती गर्ने तरिका र बसोबासका बारेमा तथ्यांक संकलन गरिएको छ । त्यस्तै अवलोकनद्धारा यिनीहरूको विभिन्न चाडपर्व मनाउने तरिका, संस्कारहरू सम्पन्न गर्ने तरिका र बस्ती आदिको बारेमा आफै सहभागी भइ अवलोकनबाट तथ्यांक संकलन गरिएको छ । यसरी अध्ययनकर्ताको विषयसँग सम्बन्धित तथ्यहरू र सुचनाहरू अध्ययनकर्ताको दैनिक जीवनको सम्पर्कको अनुभवबाट पनि लिइएको छ।

### ३.५.३ मुख्य सूचनादातासँगको अन्तर्वार्ता

अर्न्तवार्ताको क्रममा निर्मित र अनिर्मित हुने प्रकारका अन्तर्वार्ता अनुसूचि प्रयोग गरिएकोछ। यसरी अर्न्तवार्ता लिने क्रममा अनिर्मित प्रश्नहरू पनि प्रयोग गरिएको छ। यसरी तथ्यांक संकलन गर्दा मुख्य सूचनादाताहरू, बुढापाका, शिक्षक, स्थानिय नेताहरूसँग विशेष समय लिएर मगर जातिको धर्म, संस्कृति, रहनसहन आदिको बारेमा प्रश्नहरू सोधी अर्न्तवार्ताको माध्यमद्धारा तथ्यांक संकलन गरिएको छ।

## ३.६ तथ्यांकको प्रस्तुती एवं विश्लेषण

तथ्यांक संकलनको क्रममा प्राथमिक र द्धितीय स्रोतको आधारमा संकलन गरिएका तथ्यांकहरूलाई तथ्यांकको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । यो अध्ययन कुनै सैद्धान्तिक रूपले हेर्ने भन्दापनि मगर जातिको बारेमा एक वर्णानात्मक अध्ययन भएको हुनाले वर्णानात्मक र व्याख्यात्मक रूपले प्रस्तुत गरिएको छ । यसरी वर्गीकरण गरिएका तथ्यांकहरूलाई बढी मात्रामा वर्णनात्मक रूपमा व्याख्या गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यक अनुसार व्याख्या विश्लेषण गरि तथ्यपरक, बोध गम्य बनाउन त्यसलाई विश्लेषण साथै विस्तार गरिएको छ। परिमाणात्मक प्रकृतिका तथ्यांकहरूलाई तुलनात्मक र बोध गम्य बनाउन तथ्यांकको व्याख्या र विश्लेषण गरिएको छ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय


नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने बागमति अञ्चलका  ८ वटा जिल्लाहरू मध्ये ललितपुर पनि हो। कार्यविनायक नगरपालिका अर्न्तगत मगरगाँउको पूर्वमा सुनाकोठी, पश्चिममा खोकना, उत्तरमा ललितपुर उपमहानगरपालिका र दक्षिणमा बुगमती पर्दछ । क्षेत्रफलको हिसाबले ललितपुर जिल्ला ३८५ वर्ग कि .मि. मा फैलिएको छ । समुद्र सतहबाट ४५७ देखि २८३१ मिटर सम्मको उचाइमा अवस्थित छ । यस जिल्लाको गर्मी समयमा अधिकतम तापक्रम ३३.६० सेल्सियस र ठण्डी समयमा न्युनतम १०.६०  सेल्सियस रहने गर्दछ। वार्षिक करिब १२३२.६ मि.लि पानी पर्ने गर्दछ (जिल्ला अभिलेख २०५८)।

ललितपुर  जिल्लाको कुल जनसंख्या ४६८१३२ रहेको छ। जसमध्ये २३८०८२ पुरुष र २३००५० महिला रहेको छ । नेपालको मानचित्रमा ललितपुर जिल्लाको फैलावट २७° २२' देखि २८° ५०' उत्तरी अक्षांश र ८५° २६' पूर्वी देशान्तरसम्म रहेको छ । यस जिल्लाको भु धरातल मध्ये करिव एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई भाग पहाड तथा दुर्गम क्षेत्रमा पर्दछ । यस जिल्लाका दुर्गम स्थानहरूमा ठूला दुर्लङ्ग, कालेश्वर, प्युटार, आश्राङ, गिम्दी, चन्दनपुर आदि पर्दछन् । (के.त.वि. २०६८)

### ४.१. जनसंख्या

२०६८ सालको जनगणना अनुसार ललितपुर जिल्लामा जम्मा ४६८१३२ जनसंख्या रहेको छ। जसमा २३८०८२ पुरुष र २३००५० महिला रहेको छ। यस जिल्लाको जनसंख्या वृद्धिदर ३.२६ रहेको छ। जनघनत्व १२१६ प्रति वर्ग.कि.मि. रहेको छ । २०६८ सालको जनगणना अनुसार उमेरको आधारमा बालक, युवा र वृद्ध तीन अवस्थालाई विभाजन गरी जनसंख्या गणना गरिएको छ। जस्तै ०-१४ वर्ष बालक १५-५९ युवा र ६० वर्ष भन्दा माथिकोलाई वृद्ध गरिएको छ ।

नक्सा नं. १: अध्ययन क्षेत्रको नक्सा




● कार्यविनायक नगरपालिका

**तालिका नं. १**

**उमेर समुहको आधारमा ललितपुर जिल्लाको जनसंख्या**

| क.सं. | उमेर समुह | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|
| १. | ≤ ४ वर्ष | २९५०३ | ६.३० |
| २. | ५-१४ वर्ष | ८२६०६ | १७.६ |
| ३. | १५-४९ वर्ष | २८७५८० | ६१.४ |
| ४. | ५०-५९ वर्ष | ३१९९३ | ६.८ |
| ५. | ६० ≥ वर्ष | ३६४५० | ७.८ |
| ६. | कुल जनसंख्या | ४६८१३२ | १०० |

**स्रोतः राष्ट्रिय जनगणना, २०६८ , के.त.वि.**

माथिको तालिका अनुसार, सबै भन्दा कम ०-४ वर्षका बालकहरूको जम्मा जनसंख्या २९५०३ छ भने सबैभन्दा बढी १५-५९ वर्षका युवाहरूको जम्मा जनसंख्या ४०२१७९ छ।

## ४.२ जातजाति अनुसारको जनसंख्या

ललितपुर जिल्लाको जातजाति अनुसारको जनसंख्या सर्वप्रथम श्रेणीमा नेवारको जनसंख्या, दोस्रो श्रेणीमा क्षेत्रीको जनसंख्या, तेस्रो श्रेणीमा तामाङ्गको जनसंख्या , चौथो श्रेणीमा मगरको जनसंख्या र त्यसै अनुसार क्रमस अन्य जातिहरूको संख्या रहेको पाउछौ। अत ललितपुर जिल्लामा जातजाति अनुसार मगर जाति चौथो स्थानमा रहेको छ।

**तालिका नं. २**

**ललितपुर जिल्लाको जातजाति अनुसारको जनसंख्या**

| क.सं. | जतजाति | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेवार | १५५६०४ | ३३.२३ |
| २. | क्षेत्री | ८८३०६ | १८.८६ |
| ३. | तामाङ | ६१३६८ | १३.१० |
| ४. | मगर | २१९३४ | ४.६८ |
| ५. | राई | १२७२४ | २.७१ |
| ६. | गुरुङ | ५९९४ | १.२८ |

| | | | |
|---|---|---|---|
| ७. | बाहुन | ६१०६ | १.३० |
| ८. | कामी | ५४२३ | १.२ |
| ९. | सार्की | ३३६९ | ०.७ |
| १०. | थारू | ५८७९ | १.२७ |
| ११. | लिम्बु | ४३५८ | ०.९ |
| १२. | ठकुरी | ३१९६ | ०.६ |
| १३. | मुस्लिम | ३०७२ | ०.६ |
| १४. | अन्य | ९०७९९ | १९.३९ |
| | कुल | ४६८१३२ | १०० |

**स्रोतः राष्ट्रिय जनगणना, २०६८ , के.त.वि.**

## ४.३ शैक्षिक गतिविधि

२०६८ सालको जनगणना अनुसार ललितपुर जिल्लामा पाँच वर्षमाथिको कुल जनसंख्यामा पढ्न लेख्न जानेको जनसंख्या करिब ८३ प्रतिशत रहेको छ।

**तालिका नं. ३**

**ललितपुर जिल्लाको ५ वर्ष भन्दा माथिको शैक्षिक स्थिति**

| क.स | शैक्षिक स्थिति | पुरुष | महिला | जनसंख्या |
|---|---|---|---|---|
| १. | पढ्न लेख्न जानेको | २००५७७ | १६१४१९ | ३६१९९६ |
| २. | पढ्न लेख्न नजानेको | २१९१७ | ५४४३३ | ७६३५० |
| ३. | नखुलेको | ९८ | १८५ | २८३ |
| ४. | ५ वर्ष माथिको जनसंख्या | २२२५९२ | २१६०३७ | ४३८६२९ |

**स्रोतः राष्ट्रिय जनगणना, २०६८ , के.त.वि.**

पाँच वर्षमाथिको कुल जनसंख्यामध्ये पढ्न-लेख्न जानेका पुरुष जनसंख्याको हिस्सा करिब ४६ प्रतिशत र महिलाको हिस्सा करिब ३७ प्रतिशत रहेको छ।

## ४.४ धर्म सम्बन्धी विवरण

ललितपुर जिल्लाको जनसंख्यालाई धर्मको आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ।

## तालिका नं. ४

### ललितपुर जिल्लाको धर्मको विवरण

| क.सं. | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | हिन्दु | १७६५६२ | १६७६७२ | ३४४२३४ | ७३.५३ |
| २. | बौद्ध | ४४७९३ | ४५४३७ | ९०२३० | १९.२७ |
| ३. | क्रिश्चियन | १११०५ | १२३८४ | २३४८९ | ५.०१ |
| ४. | किंरात | २८२९ | २९७७ | ५८०६ | १.२४ |
| ५. | ईस्लाम | २१२८ | ९५२ | ३०८० | ०.६५ |
| ६. | जैन | ३३ | ३९ | ६८ | ०.०२ |
| ७. | सिख | ४४ | ३१ | ७५ | ०.०२ |
| ८. | बाहाइ | १५ | १४ | २९ | ०.०१ |
| ९. | अन्य | ४२४ | ३९४ | ८१८ | ०.१७ |
| १०. | जम्मा | २३८०८२ | २३००५० | ४६८१३२ | १०० |

**स्रोतः राष्ट्रिय जनगणना, २०६८ , के.त.वि.**

माथिको तालिका अनुसार यस जिल्लामा सबै भन्दा धेरै हिन्दु धर्म मान्नेको जनसंख्या ३४४२३४ रहेको छ । त्यसपछि बुद्ध  धर्म मान्नेको जनसंख्या ९०२३०, क्रिश्चियन धर्म मान्नेको जनसंख्या २३४८९, किंरात धर्म मान्नेको जनसंख्या ५८०६, इस्लाम धर्म मान्नेको जनसंख्या ३०८०, जैन धर्म मान्नेको जनसंख्या ६८, सिख धर्म मान्नेको जनसंख्या ७५, बाहाई धर्म मान्नेको जनसंख्या २९ र अन्य धर्म मान्नेको जनसंख्या ८१८ र जम्मा ४६८१३२ रहेका छन् ।

### ४.५ आर्थिक अवस्था

आर्थिक दृष्टिब्कोणले सक्रिय जनसंख्या भन्नाले समुदायमा आर्थिक आम्दानीमा संलग्न जनसमुदायलाई जनाउदछ । समुदायमा रहेका जनसंख्याको आर्थिक सवलता  समुदायमा रहने आर्थिक रूपले सक्रिय जनसंख्यामा भर पर्दछ । समाजमा निस्क्रिय जनसंख्या भन्नाले अर्थपार्जन गर्न नसक्ने जनसंख्यालाई बुझिन्छ । कार्यविनायक नगरपालिका तत्कालिन सैंबु गा.वि.स. आर्थिक अवस्थामा सक्रिय र निस्क्रिय भएको जनसंख्याको विवरण यस प्रकार छ ।

## तालिका नं. ५

## कार्यविनायक नगरपालिकाको जनसंख्याको आर्थिक अवस्थाको विवरण

| क्र.स | विवरण | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सक्रिय जनसंख्या | १०३३१ | ६७५२.३४ | ४०१३.५६ | ५२.३९ |
| २. | निस्क्रिय जनसंख्या | ९३९० | ६१.३७ | ३६४७.०७ | ४७.६१ |

**स्रोतः राष्ट्रिय जनगणना, २०६८ , के.त.वि.**

यसक्षेत्रमा बसोबास गरेका जनसंख्याको अवस्था ठीकै रहेको छ । यस क्षेत्रमा सक्रिय जनसंख्या १०३३१ र निस्क्रिय जनसंख्या ९३९० रहेको छ ।

## तालिका नं. ६

## कार्यविनायक नगरपालिका मा बसोबास गर्ने मगर जातिको जनसंख्याको विवरण

| क्र.सं | मगर पुरुष | मगर महिला | जम्मा |
|---|---|---|---|
| १. | ३७८ (५१ %) | ३६२ (४९ % ) | ७४० (१०० %) |

कार्यविनायक नगरपालिका वडा नं २ मगरगाँउमा बसोबास गर्ने मगर जातिको कुल जनसंख्या ७४० रहेको छ र त्यस मध्ये मगर पुरुष जनसंख्या ३७८ र मगर महिलाको जनसंख्या ३६२ रहेको छ । दुवैको जम्मा जनसंख्या ७४० रहेको छ ।

# अध्याय पाँच

# सामाजिक तथा सांस्कृतिक अवस्था

## ५.१ उत्पति

मगरहरू सिक्किमबाट पूर्व नेपाल भएर गण्डकी प्रदेशमा प्रवेश गरेका हुन भने नेपालको पुर्वीभागमा मगरहरूको बसोबास भएको हुनुपर्दछ । मगरहरू पुर्वबाट किराँत प्रदेशलाई नाघेर गण्डकी प्रदेशमा नआइपुग्नु पर्ने हो अर्को कुरा किराँत प्रदेशमा खोला नाला र ठाउँहरूको नाम पनि किराँती भाषामा नै भएको पाइन्छ र मगरहरूको बस्ती किराँत प्रदेशमा पनि पाइयता पनि मगराँत प्रदेशमा जस्तो घना रूपमा पाइदैन । मगरहरू नेपालको पुर्व, पश्चिम, उत्तर र दक्षिण सबै ठाउँमा अल्प र बहुसंख्यक रूपमा रहनु श्री ५ पृथ्वीनारायण शाहको राज्य विस्तारको इतिहाससँग सम्बन्ध राख्दछ । विशाल नेपालको निर्माणमा मगरहरूको भुमिका अति महत्वपूर्ण छ । काजी विराज थापा, काजी जसपाल थापा, गंगाराम राना, काशिराम थापा, प्रतिमान राना देवदत्त थापा आदि वीर मगर सेनानीहरूको नाम इतिहासमा स्मरणिय छ । यी बहादुर सेनानीहरूको मातहतमा शाही सेनाको एउटा ठुलो संख्या मगरहरूले कायम गरेका थिए । नेपाल एकिकरण र विस्तारको अभियानमा राजालाई साथ दिन स्वदेश निर्माणको अभियानमा लागेका वीर मगरहरू गण्डकी अथवा गोर्खा क्षेत्रमा मात्र सिमित नरही युद्ध लड्न विभिन्न दिशा तिर होमिए । तिनीहरूद्धारा जितेका प्रदेशको सुरक्षाको निम्ती ति मगरहरू त्यही ठाउँमा बसोबास गर्न थाले त्यसकारण आज हामी नेपालको विभिन्न ठाउँमा सानो ठुलो संख्यामा मगरहरूको बसोबास भएको पाउँछौं ।

पाल्पा जिल्लामा पनि मगरहरू उत्तरपुर्वबाट आएका हुन भन्ने भनाई छ । त्यसैले मगरहरूको मुल थलोको रूपमा पश्चिम नेपालको मध्ये पहाडी भाग हुनुपर्दछ र समयको दौरानमा यो भागबाट नेपालको विभिन्न भागमा छरिएर बसेका हुनुपर्दछ ।अध्ययन क्षेत्रका मगरहरूले आफ्नो उत्पतीको बारेमा अनभिज्ञ रहेको बताए तर यहाँ बसोबास गर्ने मगरहरू स्याङ्जा जिल्लाको विभिन्न भागबाट समुहगत रूपमा यसठाउँमा बसाइसरी आएको बताए । जस्तै राना, मर्साङ्गी स्याङ्जा जिल्लाको आधिखोला डुडिचौरबाट रखाल, गाहा दर्माली, धर्ती आदि थरहरू स्याङ्जा कै रखुखोला भन्ने ठाउँबाट आइ बसोबास गरेको बताए तर कहिले आए भन्ने तिथिमिति थाहा नभएको बताए । यसरी उनीहरू बाह्र मगराँती मगरहरू भएको र उनीहरूले बोल्ने भाषापनि बाह्र मगराँती भाषा भएको बताउँदछन् ।

## ५.२ पारिवारिक अवस्था

समाजको सबैभन्दा सानो एकाइ परिवार हो । प्रत्येक व्यक्तिको जन्म, लालनपालन परिवारबाट हुने भएकाले उसले सामाजिक, सांस्कृतिक चालचलनहरू व्यवहार आदि कुराहरू परिवारबाटै सिकेको हुन्छ । सम्पूर्ण मानविय समुहमा परिवार एउटा सार्वभौमिक सामाजिक संस्था हो जसमा आमाबाबु तथा उनीहरूका छोराछोरी हुन्छन् । परिवारले नै आफ्ना सदस्यहरूको रेखदेख साथै सामाजिक, आर्थिक, राजनैतिक आवश्यकताको पुर्ति गर्दछ र मानव जातिको आत्मसंरक्षण, सम्वर्द्धन तथा जातीय जीवनलाई निरन्तरता समेत प्रदान गर्द छ।

अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा मगर समुदायमा महिलाको स्थान पनि अरु जातिमा भन्दा माथि रहेतापनि परिवारको नियन्त्रण निर्देशन र संचालन पुरुषले नै गरेको पाइएको हुनाले यो समुदाय पनि पितृ सतात्मक व्यवस्थाबाट प्रभावित भएको पाइन्छ । अध्ययन क्षेत्रमा केही वर्ष पहिले संयुक्त परिवारमा बसोबास गर्ने चलन भएतापनि वर्तमान अवस्थामा विवाह पश्चात छुट्ट भिन्न भई एकात्मक परिावरमा बस्ने कार्यको शुरुवात भएको पाइन्छ । यसर छुट्ट भिन्न भई अलग बसेतापनि उनीहरू कामको समयमा एक आपसमा मिलेर काम गरेको पाइयो ।

पारिवारिक बनावटको आधारमा हेर्दा अध्ययन क्षेत्रमा निम्न अनुसारको पारिवारिक संरचना रहेको पाइन्छ ।

**तालिका नं. ७**

**घरधुरी संख्याका आधारमा पारिवारिक बनौट**

| पारिवारीक बनौट | संख्या(घरधुरी) | प्रतिशत |
|---|---|---|
| एकात्मक | ४० | ६१.५३ |
| संयुक्त | २५ | ३८.४६ |
| जम्मा | ६५ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण २०७२**

माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रका ६५ घरपरिवारको सर्वेक्षणमा एकात्मक परिवार ४० अर्थात् ६१.५३ प्रतिशत, संयुक्त परिवार २५ अर्थात् ३८.४६ प्रतिशत रहेको पाइयो । बढ्दो आधुनिकिकरणका कारणले आएको व्यक्तिवादी चिन्तन, सेना, पुलिस भर्तिपछि आफ्नो परिवारलाई

लिएर जाने प्रवृति जस्ता कारणले संयुक्त परिवार टुक्रदै एकात्मक परिवारको संख्या बढ्दै गएको पाइयो ।

**तालिका नं. ८**

**पारिवारीक सदस्य संख्या**

| सि.नं. | पारिवारीक संख्या | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०-४ | १७ | २६.१५ |
| २. | ४-७ | २९ | ४४.६१ |
| ३. | ७ भन्दा माथि | १९ | २९.२३ |
| जम्मा | | ६५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

माथिको तालिकालाई हेर्दा ४ जना सम्म परिवार हुने १७ घर,४ देखि ७ जना सदस्य हुने परिवार २९ र ७ भन्दा माथि सदस्य हुने परिवार १९ घर पाइयो ।

## ५.३. साक्षरताको स्थिति एवं शैक्षिक योग्यता

सामान्यतः साक्षरता भन्नाले मानिसको लेखपढ गर्न सक्ने क्षमतालाई जनाउदछ । साक्षरता वा शैक्षिक स्तर सामाजिक सुधार तथा आर्थिक उन्नतिको आवश्यकिय तत्वको रूपमा मात्र नभइ यसले दैनिक जीवन पद्धती संचालन गर्न सहयोग गर्दछ । वास्तवमा शैक्षिक स्तरले भौतिक सुविधा प्रात्तका लागी भन्दा व्यतिको व्यतित्व विकास र समुदायलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउछ ।

समाज विकासको एउटा महत्वपुर्ण आवश्यकता शिक्षा हो । शिक्षाले समाजको हरेक पक्षमा प्भाव पार्दछ । जुन समाज शिक्षित छ त्यो समाजको हरेक क्षेत्रको विकास हुन्छ किनकि शिक्षित मानिसको सिप क्षमतामा अभिवृद्धि भई समाजलाई विकासको पथमा अगाडी बढाउन सक्छ । अध्ययन क्षेत्रमा बसोबास गर्ने सामान्यतया ५० वर्ष भन्दा माथि उमेर भएका मानिसहरू अशिक्षित भएतापनि त्यो भन्दा कम उमेर भएका मानिसहरू प्राथमिक तह सम्मको अध्ययन गरेको देखिन्छ भने उच्च शिक्षा हासिल गर्न घर छोड्नु पर्ने बाध्यता र कमजोर आथिृक अवस्थाका कारण कम संख्याले मात्र उच्च शिक्षा हासिल गरेको पाइन्छ ।

अर्को तर्फ शैक्षिक स्तरले मानिसको आवश्यकताको स्तरमा परिवर्तन ल्याउदछ । अध्ययन क्षेत्रको साक्षरता एवं शैक्षिक योग्यतालाई तल तालिकाद्धारा  प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**साक्षरताको स्थिति एवं शैक्षिक योग्यता ६ वर्षे भन्दा माथिको**

| शैक्षिक विवरण | निरक्षर | साक्षर | जम्मा |
|---|---|---|---|
| महिला | २७ (३६%) | ४८(६४%) | ७५ |
| पुरुष | ११(१३%) | ७६(८७%) | ८७ |
| जम्मा | ३८ | १२४ | १६२ |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

अध्ययन क्षेत्रको साक्षरता तथा शैक्षिक अवस्थालाई हेर्दा साक्षरको संख्या बढी छ । अनौपचारीक शिक्षाका कक्षाबाट नाम लेख्न सिक्नेको संख्या बढी भएको छ । यसकारण निरक्षरको संख्या कम भएको छ । तर पनि महिलाको (६४%) तुलनामा पुरुषमा (८७%) साक्षरताको अवस्था राम्रो देखिएको छ । महिलाको साक्षरता कम हुनुमा घरायसी काममा उनिहरुको बढी संलग्नताले हुन्छ । नेपालको समग्र साक्षरता महिला ५७ % छ भने पुरुषको ७५% रहेको छ (**के.त.वि.,२०६८**)  ।

## ५.४   वैवाहिक अवस्था

विवाहलाई केटा र केटी विचको सार्वजनिक तथा सामाजिक रूपले स्वीकृति प्राप्त सम्बन्धका रूपमा परिभाषित गर्न सकिन्छ । विवाहले केटा र केटीलाई सम्बन्ध स्थापना गर्न अथवा यौन सम्पर्क स्थापित गर्न र अन्य सामाजिक क्रियाकलाप गनै मान्यता प्रदान गर्दछ ।

अध्ययन क्षेत्रका मगरहरूको वैवाहिक अवस्थालाई अध्ययन गर्दा उनीहरू आफ्नो जाति भित्र मात्र मागि भन्दा चोरी र प्रेम विवाह गरेको पाइयो । विवाह एउटै गोत्र भित्र नगर्ने तर फूपुचेला र मामाचेलीका बिचमा विवाह गरेको पाइयो । बहु विवाह र विधवा विवाहलाई मान्यता दिएको उक्त समुदायमा अन्तरजातिय विवाह भएको अवस्था छैन ।

मगर समुदाय भित्र सामान्यतया केटाको १८ देखि २२ वर्ष केटीको १६ देखि २० वर्ष भित्र विवाह हुने गरेको देखिएकोछ, अध्ययन क्षेत्रमा तथ्यांक संकलनको क्रममा देखिएको वैवाहिक अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**उमेर समुहको आघारमा बैवाहिक स्थिति**

| उमेर समुह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १५-२० | २७ | ४१.५३ |
| २०-२५ | १८ | २७.६९ |
| २५-३० | १५ | २३.०७ |
| ३० भन्दा माथि | ५ | ०७.६९ |
| जम्मा | ६५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

माथिको तालिका अनुसार विवाहको उमेर हेर्दा १५-२० वर्ष उमेर समुहको बाहुल्यता देखिन्छ भने २०-२५ वर्षको उमेरमा विवाह गर्नेको संख्या १८ छ । त्यस्तै २५-३० वर्षको उमेरमा विवाह गर्नेको संख्या १५ र ३० भन्दा माथिमो उमेरमा विवाह गर्नेको संख्या ५ जना मात्र देखिन्छ ।

**तालिका नं. ११**

**कार्यविनायक नगरपालिका मा वसोवास गर्ने मगरको वैवाहिक अवस्था**

| सि.नं. | वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | १०९ | ३५.७४ |
| २ | ऋविवाहित | १७९ | ५६.६८ |
| ३ | विधवा | ११ | ३.६१ |
| ४ | विदुर | ६ | १.९७ |
| ५ | सम्बन्ध विच्छेद | ० | ० |
| ६ | एक्लै | ० | ० |
|  | जम्मा | ३०५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

वैवाहिक अवस्थालाई हेर्दा विवाहित १०९ जना अर्थात ३५.७४ प्रतिशत, अविवाहित १७९ जना अर्थात ५८.६८ प्रतिशत विधवा ११ जना अर्थात ३.६१ प्रतिशत र विदुर ६ जना अर्थात १.९९७ प्रतिशत रहेको देखियो ।

## ५.५ जग्गा जमिनको अवस्था

नेपाल कृषि प्रधान देश भएकोले जग्गा जमिन एउटा महच्वपूर्ण प्राकृतिक स्रोत रूपमा रहेको छ । अध्ययन क्षेत्रका अधिकांश मानिसहरूको मुख्य पेशा कृषि भएकोले उनीहरूको आर्थिक अवस्था थाहा पाउन जग्गा जमिनको अवस्थाको वारेमा जानकारी प्राप्त गर्नुपर्दछ । उत्तरदाताको भनाई अनुसार पहिले प्रशस्त जग्गाजमिन भएतापनि जनसंख्या बृद्धि र छुट्टीभिन्न हुँदा जग्गाजमिनको मात्रा घट्दै गएको छ ।

## ५.६ पशुधनको अवस्था

कृषिमा पशुधन कृषिवालीका लागी अन्तर निर्भर तत्व हुन् प्राय सबै घरहरूमा केहि न केहि संख्यामा पशुधन रहेको पाइन्छ । किसानहरूले पशुधनलाई विभिन्न उदेश्यले पालेको पाइन्छ । यस प्रकारको उदेश्यमा खेतवारी जोत्न , दुध, मासु, मल आदिको लागी पाल्छन् । अध्ययन क्षेत्रमा विशेष गरेर गाईगोरु, भेडाबाखा, भैंसी, सुंगुर बंगुर, हांस कुखुरा पालेका पाइन्छ ।जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**पशुपालनको अवस्था**

| पशुहरूको प्रकार | पशुहरूको संख्या | प्रतिशत |
|---|---|---|
| गाइ/गोरु | ३० | ०८.१० |
| भैंसी/राँगो | १० | ०२.७० |
| खसि/बाखा | २५ | ०६.७५ |
| कुखुरा | ३०५ | ८२.४३ |
| सुँगुर/वंगुर | ० | ० |
| जम्मा | ३७० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा कुखुरा पालन गर्नेको संख्या बढी देखिएको छ, शहरी क्षेत्र भएको तथा जग्गा जमिनको अभावले यस्तो भएकोछ ।

## ५.७ आर्थिक अवस्था

कुनै पनि ठाँउका मानिसहरूको जिवनस्तर थाहा पाउन उनीहरूको आम्दानीको अवस्था हेर्नुपर्दछ । आर्थिक अवस्थाले नै समाजको स्तर र हैसियत थाहा पाउन सकिन्छ । जुन व्यक्तिको आर्थिक अवस्था राम्रो हुन्छ उसले आफ्ना आवश्यकताहरू सजिलै पुरा गर्न सक्दछ । मानिसको जिविकाका साधनहरूको सम्बन्ध आर्थिक तत्वहरूसँग हुन्छ । त्यसैले हरेक अध्ययन अनुसन्धानमा लक्षित समुहको आर्थिक अवस्था पत्ता लगाउन महत्वपूर्ण हुन्छ । यस अध्ययनमा पनि मगर जनजातिको आर्थिक अवस्थाका विषयमा विभिन्न पक्षको अध्ययन गरिएको छ ।

### ५.७.१ पेशागत अवस्था

हरेक व्यक्ति आफनो जीवीकोपार्जनका लागि विभिन्न काममा संलग्न भएको पाइन्छ । यस प्रकारका पेशाबाट मानिसले कुनै न कुनै आर्थिक उपार्जन गरेका हुन्छन् । पेशा मानिसहरूको जिविकाको प्रमुख आधार हो । यस अध्ययनमा मगर जनजातिको पेशागत अवस्थालाई यथासम्भव विश्लेषण गर्न खोजिएको छ ।

**तालिका नं.१३**

**नमुना छनौटमा परेका घरधुरीका मानिसहरूको पेशा**

| सि.नं. | पेशा | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | खेतिपाती/घरायसि काम | १ | १.२८ | १५ | १८.३ |
| २. | नोकरी | ४ | ५.१३ | ५ | ६.१ |
| ३. | व्यापार व्यवसाय | ४ | ५.१३ | ८ | ९.८ |
| ४. | पेन्सन | १ | १.२८ | ४ | ४.९ |
| ५. | ज्याला मजदुरी | १ | १.२८ | ७ | ८.५ |
| ६ | वैदेशीक रोजगार | ५१ | ६५.३८ | २९ | ३५.४ |
| ७ | विद्यार्थी | १६ | २०.५१ | १३ | १५.९ |
| ८ | अन्य | ० | ०.०० | १ | १.२ |
|  | जम्मा | ६५ | १०० | ८२ | १००.०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

अध्ययन क्षेत्रको पेशागत अवस्था हेर्दा सबैभन्दा बढी जनशक्ति वैदेशिक रोजगारीमा संलग्न रहेको पाइयो । व्यापारमा पनि मगर जनजातिको संख्या बढी रहेको छ । यसमा महिलाको संख्या निकै कम छ भने पुरुषको संख्या धेरै छ । यसबाहेक पेन्सन र विद्यार्थीको संख्या पनि बढी छ । यसका साथै जग्गाको कमीको कारण कृषी पेशा अपनाउनेको संख्या थोरै रहेको पाइयो । यस बाहेक ज्याला मजदुरी पनि मगरहरूको आर्थिक उपार्जनको माध्यम बनेको छ ।

### ५.७.२ मासिक आम्दानी

नमुना छनौटमा परेका घरधुरीका मानिसहरूको मासिक आम्दानीको अवस्था यस प्रकार रहेको छ ।

**तालिका नं.१४**

**नमुना छनौटमा परेका घरधुरीका मानिसहरूको मासिक आम्दानी**

| सि.नं. | मासिक आम्दानी रु | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३०००-५००० | ६ | ०९.२३ |
| २. | ५०००-७००० | ९ | १३.८४ |
| ३. | ७०००-९००० | २० | ३०.७६ |
| ४. | ९०००-११००० | १७ | २६.१५ |
| ५. | ११००० भन्दा बढी | १३ | २.०० |
| ६. | जम्मा | ६५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

माथिको तालिका अनुसार मासिक ३०००- ५००० सम्म आम्दानी भएका घरधुरी ६ अर्थात् ०९.२३ प्रतिशत, ५०००- ७००० आम्दानी भएका घरधुरी ९ अर्थात् १३.८४ प्रतिशत, ७०००-९००० आम्दानी भएका घरधुरी २० अर्थात् ३०.७६ प्रतिशत, ९०००- ११००० आम्दानी भएका घरधुरी १७ अर्थात् २६.१५ प्रतिशत, ११००० भन्दा बढी आम्दानी भएका घरधुरी १३ अर्थात् २.०० प्रतिशत रहेको छ । सबैभन्दा बढी घरधुरी मासिक ७००० - ९००० सम्म आम्दानी प्राप्त गर्ने रहेका छन् । यसले के देखाउदछ भने अध्ययनक्षेत्रका मगरहरूको आर्थिक अवस्था कमजोर रहेको छ

।त्यसकारण आजभोलि धेरै जसो मानिस वैदेशिक रोजगार तर्फ उन्मुख भएका पाइन्छ ।त्यसै गरी केहि मानिस बाह्य मुलुकमा आर्मी, पुलिस, जागिर गरेपनि पारिवारीक संख्या धेरै भएका कारणले उनीहरूको आर्थिक स्तर न्युन रहेको छ ।

## ५.८ जमिनको आकार

नेपालको सन्दर्भमा जमिनलाई मानिसको सम्पन्नताको स्तर देखाउने मुख्य आधार मानिन्छ। यसको आधारमा सामाजिक मानमर्यादामा समेत प्रभाव पारेको हुन्छ। जुन व्यक्तिको धेरै जग्गा, जमिन गोरु र खेताला हुन्छ त्यसको सामाजिक इज्जत उच्च रहेको हुन्छ। मगर जातिमा पनि जमिनको आकार बढी भएकोलाई समाजमा धनी मान्ने चलन छ। जमिन नै अन्न उत्पादन र आम्दानीको मुख्य श्रोत हो।

अध्ययन क्षेत्रका  समुहको जमिनको आकार सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १५**

**जमिनको आकार**

| जमिनको आकार(रोपनीमा) | घरधुरी | प्रतिशत |
|---|---|---|
| १ रोपनी भन्दा कम | ७ | १०.७६ |
| २- | २० | ३०.७६ |
| ३-५ | २७ | ४१.५३ |
| ६-७ | ११ | १६.९२ |
| जम्मा | ६५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

जमिनको आकारलाई हेर्दा ३ - ५ रोपनी जग्गा हुने घरसंख्या बढी रहेको पाइन्छ । तर १ रोपनी भन्दा कम जग्गा हुनेको संख्या पनि निकै कम  रहेको छ । त्यस्तै २ - ३ रोपनी जग्गा हुने घरसंख्या पनि बढी नै रहेको छ ।

## ५.९ सास्कृतिक पक्ष

अध्ययन क्षेत्रमा बसोबास गर्ने सम्पर्ण मगरहरूले हिन्दू धर्म मान्दछन् त्यसकारण उनीहरूका संस्कारहरू सबै हिन्दू धर्मसँग सम्बन्धित रहेका छन् । उनीहरूको सांस्कृतिक पक्षको अध्ययन गर्ने क्रममा जीवन चक्रिय संस्कारहरू धर्म, थर/गोत्र, भाषा, चाडपर्व र पुजाआजाहरू नातेदारी व्यवस्था र महिलाको अवस्थाको बारेमा अध्ययन गरिएको छ । मगरहरूको सांस्कृतिक पक्षहरूको अध्ययन गर्ने क्रममा गाउँका जान्नेबुझ्ने शिक्षक, कर्मचारी, समाजसेवी जस्ता व्यक्तिहरू, बुढापाका मानिसहरूसँग भएको छलफल र र कुराकानीका आधारमा विवरणहरू संकलन गरिएका छन् ।

### ५.९.१ चाडपर्व र पुजाआजाहरू

संसारका जुनसुकै ठाउँमा बसोबास गर्ने मानिसहरूको आ आफ्नो प्रकारका चाडपर्वहरू छन् । चाडपर्वले मानव जातिलाई मनोरञ्जन प्रदान गर्ने गर्दछ र आफ्नो संस्कृति र परम्परालाई जोगाइराख्न सहयोग गर्दछ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरू हिन्दु धर्मबाट प्रभावित भएको कारण उनीहरूका चाडपर्वहरू पनि हिन्दु धर्मसँग सम्बन्धित रहेका छन् तर मान्ने शैली भने आफ्नै मौलिक प्रकारको छ । विशेषगरी चाडपर्वमा आफ्नो दाजुभाई, दिदीबहिनी, भाञ्जाभाञ्जी, ज्वाई वा भाञ्जालाई बोलाएर वा जम्मा भई मनोरञ्जन गर्ने खानपिन गर्ने गर्दछन् । साच्चै भन्ने हो भने मगरहरूले बाह्रै महिना चाडपर्वहरू मनाउँदछन्। मगरहरूले मनाउने चाडपर्वहरू यसप्रकार रहेका छन् ।

**बैशाखे पुर्णिमा**

नयाँवर्षको शुरुवातसँगै बैशाखेपुर्णिमा बैशाख शुक्ल पुर्णिमाको दिन पर्दछ । उक्त दिन मगरहरू विहानै नुहाएर चोखो कपडा लगाएर समेक्ष पुजाका लागि तयार हुन्छन् । पुजा गर्ने स्थानमा सबै घरधुरीमा मानिसहरू जम्मा भइसकेपछि अविवाहित मगर पुजारीद्धारा पालु र ब्राह देवताको पुजा आजा गरिन्छ । सुँगुरको पाठो वली दिइन्छ । उक्त दिन घर घरबाट पनि आफु सक्दो कुखुरा, सुँगुरको पनि पुजा गरी बलि दिने चलन पनि छ । उक्त सामुहिक रूपमा पुजा गरिएको सुँगुर त्यही नै खानपिन गरी घर फर्कन्छन् । उक्त दिन आफ्नो इष्टमित्र जस्तो दिदीबहिनी, फुपु, भाञ्जाभाञ्जी, ज्वाइ वा भाञ्जालाई पनि बोलाएर खाना दिने चलन छ ।

**साउने सक्रान्ति पर्व**

यो पर्व श्रावण १ गते मनाउने गरिन्छ । अध्ययन क्षेत्रका मगरहरूले यो पर्वलाई धुमधामका साथ मनाउने गर्दछन् । खासगरी यो पर्वमा विहानै भलायो छाना र ढोकामा सिउरिने गर्दछन् । साझपख घरका प्रत्येक सदस्यले ४ ओटा आगोको अगुल्टो चारै दिशा फाल्दछन् । यसलाई 'लुतो फाल्ने' भनिन्छ । बेलुका केटाकेटीहरूले हात र खुट्टामा 'तिउरी' लगाउने गर्दछन् । यस अवसरमा आफन्तहरूलाई घरमा खाना खान बोलाउने चलन छ । यसै दिनदेखि तिज पर्व शुरुवात भएको भन्ने चलन भएकाले नाचगान गरी रमाइलो गर्ने पनि चलन छ ।

### माघे सक्रान्ति

यो चाड पनि मगरहरूले मनाउने अर्को चाड हो । या चाडलाई पितृ चाडको रूपमा मनाउने चलन छ । बाबु आमा मरिसकेका छोराहरूले पौष मसान्त देखि नै उपवास बसी माघ १ गते विहान खोलामा गई नुहाइ सकेपछि आफ्ना पितृहरूलाई पिण्ड चढाउने गर्दछन् । एक मुठि मासको दाल अदुवा चढाउने कार्यलाई मुठि दिने पनि भनिन्छ । यो चाडमा तरुल, फलफूल र खिचडी खाने र आफ्ना इष्टमित्रलाई बोलाएर खान दिने चलन छ ।

### चैते दशै

यो चाड चैत शुक्ल अष्टमीको दिन सानो दशैका रूपमा मनाउने चलन छ । एक दिन मात्र मनाउने उक्त पर्वमा आफ्ना दिदीबहिनी र आफ्नतहरूलाई बोलाएर मासु र भात खान दिने गर्दछन् यसका साथै आफ्नो इष्टमित्र जम्मा भई खानपिन गरी रमाइलो गर्दछन् ।

### तीज

मगर महिलाहरूले मनाउने अर्को चाड तीज हो। उक्त चाडमा अध्ययन क्षेत्रका महिलाहरू ब्रत बस्ने पुजाआजा गर्ने चलन नभएता पनि नयाँ नयाँ कपडा र गरगहनाहरूमा सजिई नाचगान गरी रमाइलो गर्दछन् । आफ्ना दिदीबहिनीसँग भेटघाट हुने र आफ्ना मनमा लागेका चोटहरू, तिता, मिठा अनुभवहरू, वेदनाहरू गीतका माध्यमबाट पोख्ने पर्वका रूपमा तीज पर्वलाई लिने गरेका पाइन्छ ।

### बडा दशै

हिन्दु धर्मावलम्बीहरूको महान पर्व बडादशै नेपालमा बसोबास गर्ने धेरै जातजातिहरूले मनाउने महत्वपुर्ण चाड हो । अध्ययन क्षेत्रका मगरहरूले पनि यो चाडलाई धुमधामसँग मनाउने गर्दछन् । हिन्दु धर्म मान्ने यहाँका मगर घटस्थापना देखि पुर्णिमासम्म १५ दिन दशैं पर्व मनाउने गर्दछन् । घटस्थापनाका दिन घरको एउटा कुनामा जौ, मकैको जमरा राख्ने गर्दछन् भने सप्तमीका दिन पाति बेलपत्रलाई घर भित्र भित्राइ जमरा राखेको ठाउँमा लगी राख्ने गर्दछन् भने अष्टमीको दिन फलामका भाडा र हतियारहरूलाई दुर्गादेवीको हतियारका रूपमा पुजा गर्नेगर्दछन् र खानपिन गरी रमाइलो गर्ने चलन छ । दशैमा मगरहरूले मासु रोटी, भात र रक्सी जाँड खाने र खुवाउने गर्दछन् । दशैंमा विवाहित व्यक्तिहरू आफ्नो ससुरालीमा टिका लगाउन जाने चलन छ। यसलाई ससुराली मान्न जाने भन्दछन् । धेरै टाढा ससुराल हुनेहरू पुर्णिमा सम्म पनि ससुराली मान्न जाने गर्दछन् ।यो चाडमा विशेष गरी टाढा रहेको घरका सदस्यहरू बुबा आमाको हातबाट टिका लगाउन आउने भएको कारण परिवारका सदस्यहरू, इष्टमित्र, दिदीबहिनीहरू जमघट हुने, भेटघाट हुने महान अवसर भएको कुरा उत्तरदाताहरू बताउँदछन् ।

**तिहार**

मगर जातिले मनाउने अर्को महत्वपुर्ण चाड तिहार हो । विशेष गरी तिहार ५ दिनसम्म मनाउने गर्दछन् । चर्तुदशीका दिन चेलीबेटीलाई बोलाउन जाने र तोरनका लागि फूल खोज्ने गर्दछन् । काग र कुकुरको पुजापछि औसीका दिन र लक्ष्मीपुजाका साथै गाईको पुजा गरिन्छ । कसैकसैले सोही दिन र कसैले परेवाको दिन गाईको गोवरको गोवद्धन बनाई, नयाँ दाम्लाको पुजा गर्दछन् । गाईको दाम्लो पुज्न सुल्टे भोले काट्ने चलन भएको यहाँका मगरहरू बताउँदछन् । गाईको पुजा गरिसकेर तोरनले बाटो छेकेर गाईलाई नुन र पिठो खुवाउने चलन छ । भाईटिकाको दिन दिदीबहिनीबाट दाजुभाईलाई टिका र माला लगाई दिने र दाजु भाईले पनि दिदीबहिनीलाई टिका र माला लागइदिइसकेपछि दिदी बहिनीले आफ्नो घरबाट ल्याएको सेलरोटी, बटुक, माछा मासु रक्सी परिवारका सबै सदस्यहरूलाई खानदिने चलन छ । र दाजुभाईले पनि दिदीबहिनीलाई आफ्नो क्षमता अनुसार रूपैया, कपडा र गरगहना दिने चलन रहेको छ । खासगरी यहाँका मगरहरूको चलन अनुसार तिहारमा दिदीबहिनीले घरबाट ल्याई माइती र दाजुभाईलाई खुवाउने भएकोले कसैकसैले तिहारमा खुवाउने दिदीबहिनीको पालो बनाएको पनि पाइन्छ भने कसै कसैले प्रत्येक वर्ष सबेरै मिलेर सबैथोक जम्मा गरी दाजुभाइलाई खुवाउने गरेको पनि पाइन्छ ।

तिहारको अर्को रमाइलो पक्ष के हो भने यस ठाउँका मगर परम्परागतदेखि नै देउसी भैलो खेलेर रमाइलो गर्ने चलन छ । औसीदेखि तृतियाका दिनसम्म भैलो खेल्ने सोरठी, ख्याली, रम्मायन, कृष्णचरित्र जस्ता गीतहरू गाइ नाच्ने गर्दछन् । तिन समय नाच्न नभ्याएको गाउँमा तिहारपछि पनि टोल टोलमा गई भैलो नाच्ने गरेको पाइन्छ । उक्त वर्ष जेठो छोरा जन्मेको घरमा पुत्र बढाई नाच्ने चलन पनि रहेको छ । यसरी नाचगान गरी जम्मा भएको दान (रूपैया) मंसिर महिनामा खानपिन र रमाइलो गरी खर्च गर्ने गरेको बताउँदछन् । उक्त कार्यलाई 'भैलो खाने' भनिन्छ ।

## कूल पुजा

यस ठाउँका मगरहरूको अर्को महत्वपुर्ण पुजा कूल पुजा हो । कुल पुजा भन्नाले आफ्ना मृतक पुर्वजहरूको सम्झनामा गरिने पुजाआजा हो । यस ठाउँका मगरहरूको कूल पुजा फरक फरक तरिका र फरक फरक समयमा गर्ने गरेको पाइयो । यहाँ बसोबास गर्ने राना, रेश्मी, रखाल, लम्तरी डाला मसाङ्गीहरूले मंसिरे पुर्णिमाको दिन कुल पुजा गर्दछन् भने घर्ती, गाहा र दर्लामीले कालरात्रीका दिन कुल पुजा गर्दछन् । कूल पुजाका अवसरमा रानाहरूले खोला तर्दा प्रयोग गरिने डुङ्गा र गभनाको पुजा गरी सुँगुरको पाठो बली दिने गर्दछन् भने रेश्मीहरूले पुरुषहरूको पहिरनको पुजा गर्दछन् र बलीको रूपमा पाठा सुँगुरको प्रयोग गर्दछन् । यिनीहरूले १ दिन मात्र पुजा गर्दछन् त्यस्तै रखालहरूले ३ तिनसम्म महिलाहरूको पहिरनको पुजा आजा गरी १ ओटा पाठो र १ ओटा पाठी सुंगुरको बली दिने गर्दछन् । यिनीहरू सबैले आफ्ना इष्टमित्र, दिदीबहिनी, चेलीबेटी बोलाई पुजा स्थानमा नै मासु र अन्य परिकारहरू खाने/खुवाउने गर्दछन् । कूल पुजा गरेको मासु घरमा नल्याउने चलन रहेको पाइयो । साथै घर्तीले भेडा, दर्लामीले पाठो र गाहाले पाडो कुल पुजाको अवसरमा बली दिने गरेको पाइयो । साथै सबै थरका मगरहरूले कूलपूजा गर्दा आफ्नै पुजारीबाट गर्ने गरेको बताउँदछन् ।

## पुर्वेली बाजे बज्यैको पुजा

यहाँका मगरहरूले मंसिर र असार महिनामा बुधवार र शुक्रवारको दिन पारेर गाउँका सबै जम्मा भई पुर्वेली बाजे बज्यैको पुजा पनि मृतक आत्माको पुजा हो । उक्त अवसरमा पुर्वेली बाजे बज्यैलाई १/१ ओटा सुँगुरको पाठोपाठी काटी बली दिइन्छ भने बाजे बज्येसँग आउने छौडा (दुत) लाई १ ओटा चल्लाको छुट्टै बली दिइन्छ । उक्त अवसरमा पनि गाउँका सबै मानिसहरू जम्मा भई नाचगान गरी रमाइलो गर्ने चलन छ ।

**नातेदारी व्यवस्था**

नाता भनेको सामाजिक सम्बन्ध हो । जुन सम्बन्ध जन्म विवाह पछि सृजना हुने गर्दछ । नाताले जैविक र वंशजको सम्बन्ध मात्र नराखी आफ्नो दायित्व, जिम्मेवारी र अधिकारको पनि निर्धारण गर्दछ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरूको पनि आफ्नै मोलिक नातासम्बन्ध रहेको पाइन्छ । उनीहरूका नाताहरू मुख्यत दाजुभाई र ससुराली कुटुम्ब गरी २ प्रकारका पाइन्छ । उक्त क्षेत्रको मगरहरूका पारिवारिक सम्बन्धका केही नाता सम्बन्धहरू यसप्रकार छन् ।

| | |
|---|---|
| वा/वोई | बाबु/आमा |
| दाजै/भोई | दाजु/भाई |
| दाजै/बहिनी | दाजु/बहिनी |
| लेन्जा/माम्फा | लोग्ने/स्वास्नी |
| नन्दा/भोज्यू | नन्द/भाउजु |
| निवा/निमा | सासु/ससुरा |
| निनि/पुसाई | फुपु/फुपाजु |
| बाबु/मुसी | सानावा/सानी आमा |
| वज्या/वाज्यू | बजै/बाजे |
| मिझार वै/मिझारमै | ठूलो वा/ठूली आमा |
| मामा/गुमा | मामा/माइजु |

उक्त क्षेत्रका मगरहरूले जति आधुनिकिकरणको चपेटामा परेपनि आफ्ना नातेदारलाई यहि नाता सम्बन्धका आधारमा बोलाउने गर्दछन् । यिनीहरू आफूभन्दा सानालाई माया र आफूभन्दा ठूलालाई सम्मान र सत्कार गर्ने गर्दछन् । यहि नातेदारी व्यवस्थाका कारण जुनसुकै ठाउँमा बसोबास गरेपनि मगरहरूको एउटै साझा सांगठनिक संरचना पाइन्छ ।

# अध्याय छ

# आर्थिक, सामाजिक जीवन

नेपालमा बसोबास गर्ने मगर जातिको आफ्नै प्रकारको संस्कृतिक, सामाजिक सम्बन्ध र आर्थिक जीवन छ । यो समुदायको सामाजिक जीवनका धेरै पक्ष संख्यात्मक रुपमा प्रस्तुत गरिएको छैन । गुणात्मक तथ्यांकको आधारमा शोधपत्रमा मैले उत्तरी भूभागमा बसोबास गर्ने मगरको सामाजिक र आर्थिक पक्षको खोज गर्ने प्रयत्न गरेको छु । मगरहरूले उच्च पहाडी भु भागमा खेती तथा पशुपालनमा बढी संलग्न छन् । समयको विकासक्रमसँगै मगर समुदायका विभिन्न सामाजिक जीवनमा समेत परिवर्तन भएको पाइन्छ । मगरहरूको सामाजिक जीवन र आर्थिक विविधतामा धेरै पक्षको विश्लेषण गरिएको छ । जुन निम्न अनुसार छन् :

१. मगरका सांस्कृतिक, सामाजिक सम्बन्ध र सामाजिक संस्थाहरू
२. आर्थिक अवस्था
३. सांस्कृतिक पक्ष र धार्मिक मूल्यमान्यता

## ६.१ मगरका सांस्कृतिक, सामाजिक समबन्ध र सामाजिक संस्थाहरू

मगरहरूका समुहमा रमाउने खालका सामाजिक संस्कारहरू छन् । मानव विकासको चरणमा मानिस घुमन्ते जीवनमा झुन्ड-झुन्डमा समुह बनाई बस्ने गर्दथे । मानिसहरू समुहमा रहने शिकार गर्ने कन्दमुल संकलन गर्ने गरेको जस्तै मगरमा पछिसम्म यस प्रकारको प्रचलन भएको पाइन्छ । उनीहरूका सबै संस्कृतिहरू सामुहिक जीवनका आधारमा बनेका छन् । माघे सक्रान्ति पर्व, बल पुजा, साउने सक्रान्ति यसका उदाहरण हुन् ।

मगरहरूमा रहेको फूपु चेली मामा चेला विचको विवाह सम्बन्धले पनि समुहमा रहनलाई सहयोग पुगेको छ । मगरहरूको संयुक्त परिवार प्रणालि हुन्छ । मगरमा मामालाई कृषि खेतिपातिमा भान्जाहरूले (छोरि विहे गरेका ज्वाई) सघाउने चलन छ । विहे भएका छोरीहरूले पनि आफ्नो माइतिमा परेका सबै प्रकारका समस्यामा (आर्थिक समेत) सहयोग गर्छन । कतिपय मगर परिवारमा जेठी छोरीले छोरा सरह घरपरिवार चलाउँछन् । समुदायमा सबैले छरछिमेकमा खानाखाने भोज भत्तेर गर्ने गरेको पाइन्छ । यसका लागि चाडपर्वको अवसर समेत पर्खने गरेको पाईदैन । विहान

मगरहरू काममा जाँदा खाजा/खाना र जाँड रक्सी खाने गर्छन । मगरहरूको सामुहिक जीवन मनपराउने समुहमा रहने खालको स्वभाव हुन्छन् । समाजमा रहेका विभिन्न प्रकारको संस्थाहरू ( परम्परागत/आधसपनक) मार्फत सहयोगको साटासाट गर्ने गरेको पाइन्छ । यस अनुसन्धानका क्रममा मुख्यतया मगरहरूको सामाजिक संस्था, सम्बन्ध र चाडपर्वका बारेमा विश्लेषण गरिएकोछ ।

१. परिवार
२. मगरहरूको नाता प्रणाली
३. जन्म, विवाह, मृत्यु सस्कार
४. चाडपर्वहरू, पुज्ने देवताहरू
५. श्रम आदानप्रदानका बेठहरू

### ६.१.१ मगरको परिवार

मगरहरूको परिवारको गठन पनि विवाहबाट हुन्छ । विवाह पहिलेको बाजे, बोई, बाबु आमा र भए पछि पाएको सन्तान र तिनले पाएको नानातिना (नाति नातिना) बाट परिवार बनेको हुन्छ । मगरहरू प्राय संयुक्त परिवारमा बस्ने गर्छन । परिवारमा रहेका सदस्यहरूमा मुख्यरूपमा आम्दानी गर्ने पुरुष र महिला घरका मुलि मानिन्छन् । घरको व्यवहारमा महिलाले सबै प्रकारका काम चलाएको पाइन्छ । घरमा बाहेकका अलि टाढा गएर गर्नु पर्ने काममा र समाजका बाटोघाटो निर्माणका काममा पुरुषले गरेको पाइन्छ । घरको पनि ग्वाला बस्ने चौपायहरू चराउने खेतिपाति गर्ने काममा पुरुषहरूले गर्दछन् तर महिलाले उनीहरूलाई खाद्यन्नको बन्दोबस्त आदि धेरै काममा सहयोग गर्छन् । महिलाहरू खाना बनाउने, बच्चाको स्याहार सुसार, घाँस दाउरा संकलन, गाई/बाखाहरूलाई घाँसपात गर्ने काममा पुरुषसँग मिलेर गरेको पाइन्छ । अन्य जातिहरूको तुलनामा महिलाको सामाजिक/पारिवारिक अवस्था मगरमा बलियो छ । घरमा पनि बुढा बुढीहरू घरका सुगुँर, कुखुरा, हाँस र केटाकेटी हेरेर बस्छन् । घरको रेखदेख गर्छन । अन्य सदस्यहरू घरका कृषिकाममा मिलेर गरेको पाइन्छ । केटाकेटी स्कूल समयमा स्कूल गए पनि बाँकि समय घरको काम गरेको पायन्छ । स्कुल र बजारको विकाससगै केहि स्कुल पढ्ने उमेरका र युवाहरू बजारमा क्यारेम खेलेर समय काटेको देखिन्छ । यसबाट कतिपय परिवारमा केटाहरूले घरको काममा कम सघाएको देखिन्छ । मगरको परिवारमा विहेपछि केटिहरू केटाको घरमा बस्छन् । परिवारका सदस्यहरू बढ्दै जाँदा घर भिन्न हुने (छुटा हुने) चलन छ । अधिकांश बाबु आमासँगै रहेका

छोराहरूले बिहे गरेपछि अलग हुने गर्छन् । छुटा भएपछि भने यो परिवार अर्को चुलोमा खान बनाउने गर्छन । प्रायले अलग नयाँ घर बनाउने गर्छन ।

### ६.१.२ मगरहरूको नाता प्रणाली

मगरको विभिन्न तहको नाता सम्बन्धहरू छन् । मगरमा विशेष गरेर विवाहबाट र मितेरीबाट नाता सम्बन्धको जालो फिजिएको छ । विवाहको नातामा आमा पट्टिको नाता र बाबु पट्टिको नाता हुन्छन् । मितेरि भने विभिन्न खालको छन् । केटा र केटीको मितेरी (सन्धि लगाउने) पनि दुई प्रकारको हुन्छ । मितेरीमा केटा र केटीको विवाह समेत हुन सक्ने, रमाईलो र हाँसिसमाग गर्नेलाई छुने (मितेरी) सन्धि भनिन्छ । यसको उल्टो नछुने मितेरी पनि हुन्छ । यसमा भने केटा र केटी विचमा साथिको पवित्र सम्बन्ध हुन्छ र नाता सम्बन्ध पनि मितको जो जससाग जस्तो नाता पर्छ तयहि नाता सम्बन्ध हुन्छ । मगरहरूमा पनि नाता अनुसारका मानमर्यादा तथा सम्बन्ध हुन्छ । सबै नाताहरू एकै प्रकारका हुदैनन् । भिनाजु सालीको नातामा जिस्किने ठट्टा गर्ने प्रसस्त पाइन्छ । जेठाजु बुहारीमा भने बाहुन क्षेत्रिको जस्तो नछुने र नाम समेत काट्न नपाइने हुन्छ । मगरहरूमा पनि हिन्दू धर्मको प्रभावले सबै नाता र नाता सम्बन्ध (केहि मगर स्पेशल बाहेक) अन्य जातिका जस्तै छन् । मगरमा रहेको फरकमा मामा चेली र फूपू चेली बिचको विवाह सम्बन्ध हुनु हो । विवाह पहिलेनै मामाको छोरीलाई साली र फुपुको छोरालाई भिना नाता लाग्छ । यस बाहेकका अन्य नाता सम्बन्ध भने बाह्मण क्षेत्रीको जस्तै रहेका छन् । मगरमा आफ्नै मामा माइजुको छोरि विवाह नगरे पनि नातामा श्रीमतिको बुबालाई मामा भन्ने गरिन्छ । यस्तै श्रीमतीका आमालाई माइजु नाता लाग्छ ।

### ६.१.३ जन्म संस्कार

मगरको घरमा बच्चा जन्मेपछि खुसि मनाउने चलन छ । जन्मको दिनमा छरछिमेकलाई बोलाएर कुखुरा मार्ने (काट्ने) जाँड रक्सि खुवाउने गरिन्छ । घरको आर्थिक अवस्था राम्रो हुनेले राँगा तथा बाखा समेत मार्ने गर्दछन् । सुत्केरिलाई पनि घिउ तथा मासु लगाएतका पोषिलो खानेकुरा पकाएर खुवाउँछन् । सुत्केरी बार्ने चलन पनि छ । तर सुत्केरिको लागि अलग्गै स्थान भने हुदैन । सुत्केरिलाई चोख्याउन चोखो गर्ने कुनै तरिका पुजा आदि छैन तर न्वारणमा पछि भने चोखो भएको पाइन्छ । यसकारण यो विरामीलाई आराम गर्नका लागि दिएको समय जस्तै मानिन्छ । सुत्केरीलाई चोख्याउने वा बच्चाको न्वारण गर्नका लागि पनि निश्चित समय भने छैन । मगरमा कसैले ३

दिनमा, कसैले ५ दिनमा र कसैले ७ दिनमा गर्छन । यसलाई "बाहिर देखाउने" पनि भन्छन् । यस दिन छरछिमेक, चेलिहरू (फुपू आदि) लाई बोलाएर कुखुरा, बाखा, हुनेले राँगा पनि काटेर जाँड रकिसको भोज भत्तेर गर्ने गरिन्छ । मगरमा अन्य जातिमा जस्तै बाह्मण बोलाएर पुजाहरू गरेर नाम राख्ने चलन छैन । भोजमा आएका छिमेकहरूले बच्चाको नामाकरण गर्छन । सबैले बच्चाका लागि आ आफ्नो प्रकारले नाम राखेपछि बच्चाका परिवारले मन पराएको नामबाट बच्चालाई बोलाउाछन् । बच्चाको नाम त्यहि रहन्छ । कसैको बच्चा हर्ने धरालोले मन पराएर बोलाउने गरेको नाम पनि रहन्छ । परिवर्तन हुद जाँदा कसैको बुबाले पनि नामाकरण गर्ने प्रचलन पनि छ । भोजमा आएका चेलि र छिमेकले बच्चाको अनुहार हरेको पैसा पनि दिने चलन छ । पहिले कतै कतै भोजमा मगर ज्योतिस बोलाएर बर्ण, नक्षेत्र हेरेर पनि नामाकरण गरेको पाइन्छ । तर गाउँमा ज्योतिस बृद्ध भएर मरेर जाने र नयाँ पुस्ताले सो पेशा छाडेपछि भने यस संस्कार विलिन हुन थालेको छ । न्वारणमा पुरुषको तुलनामा विवाहित महिलाहरू बढि जम्मा हुन्छन् । बच्चा जन्मेको पाँच छ महिनामा बच्चालाई जुठो खुवाउने (अन्न प्रासन) चलन छ । यस दिनमा गाउँको जान्ने मान्ने मान्छेले (सबैले मानेको मान्छेले) जुठो खुवाउने गरिन्छ । यसो गर्दा बच्चा पनि जुठो खुवाउने मान्छे जस्तै असल बन्छ भन्ने विश्वास गरिन्छ । जुठो खुवाउने दिन छरछिमेकिहरू पनि जम्मा हुन्छन् ।

### क) अन्न प्रासन

न्वारानपछि गरिने यस संस्कारलाई अन्नप्रासन वा पास्नी भनिन्छ । मगरहरूले अन्नप्रासनलाई परमदै भन्ने गर्दछन् । यस संस्कार छोरा भए ६ महिनामा र छोरी भए ५ महिनामा सम्पन्न गरिन्छ । उक्त अवसरमा राम्रो साइताको दिन हेरेर बच्चालाई नयाँ कपडा लगाई दिई वरको पातबाट सबैभन्दा पहिले नजिकको साइनो पर्ने कन्या केटीबाट अन्न प्रासनको शुरुवात गरिन्छ । यस अवसरमा आफना आफन्तहरूलाई बोलाई खानपिन गरी रमाइलो गरिन्छ तर कमजोर आयस्रोत भएकाहरूले साधारण तरिकाबाट अन्न प्रासन संस्कार सम्पन्न गरिन्छ ।

### ख) छेवर

यस अध्ययन क्षेत्रका मगरहरले आफनै जातिको पुरेतबाट शुभदिन हेराई बच्चा ५ वर्ष पुगेपछि शुक्रवार विहिवार पारेर मामाबाट बच्चाको कपाल खौरी दिने चलन छ । कपाल खौरेपछि बच्चालाई बच्चाको बुबाले आफनो गच्छे अनुसारको मगर पहिरन लगाइदिने चलन छ । यस दिनमा बच्चालाई मामाले पनि आफू सक्दो नयाँ कपडा दिने गर्दछन् ।

छोराको छेवर कार्यजस्तै छोरीको पनि बच्चा ५, ७ र ९ वर्ष वा विजोरवर्ष पारेर बुधवार वा शुक्रवारको दिन बच्चाले नुवाइधुवाई गरेपछि टीका लगाइदिइ कपाल कोरेर मामाबाट गुन्युचोलो र घाँघर पहिऱ्याइदिने चलन छ ।

### ६.१.४ विवाह संस्कार

विवाह गर्दा मगरहरू मागि विवाह भन्दा प्रेम विवाह गरेको पाइन्छ । मगरको चोरि विवाहले चलन पहिले भए पनि २०४६ सालमा प्रजातन्त्रको पुनः स्थापना पछि यस प्रकारको चलन कम भएको पाइन्छ । केटा र केटी विचको विवाहको मञ्जुरि भएको "साई" (मगर संस्कार अनुसार केटा पक्षले केटीका लागि बुझाउने रकम) बुझाउने गरिन्छ तर पनि विवाहको प्रकार अनुसारको आफ्नै संस्कारहरू छन् । यस अध्ययन क्षेत्रका मगरहरूको पनि आफनै प्रकारको विवाह परम्परा रहेको छ । यस क्षेत्रका मगरहरू आफनो वंश र गोत्र भित्र विवाह गर्दैनन् । विधवा, विवाह र बहुविवाहलाई समाजले स्विकार्ने भएपनि नमुना छनौटमा परेका घरधुरीमा यस्तो विवाह भेटिएन । मगरहरू फूपुचेला र मामाचेली विच वैवाहिक सम्बन्ध कायम गर्दछन् तर मामाचेला र फूपुचेली विवाहलाई स्विकार गरिदैन ।

अध्ययन क्षेत्रका उत्तरदाताहरूका अनुसार मगर समुदायमा मागि विवाह गर्ने चलन नरहेको र जारी, चोरी विवाहलाई स्विकृति प्रदान गरेतापनि बढि प्रेम विवाह हुने गरेको बताउाछन् । केटा र केटी बिच आपसमा मन परेपछि कुनै मेला वा पर्वमा भगाएर केटाले केटीलाई आफनो घरमा लैजान्छ । केटीले केटासँग केही रुपैया माग्ने चलन पनि छ । त्यसलाई साइमासो भनिन्छ । त्यसपछि बाबु आमाको स्विकृति पछि आफना नजिकका दाजुभाई दिदीबहिनी जम्मा भई ढोकामा भाले र पोथी कुखुरा काटी उक्त रगतमा पहिले दायाँ खुट्टाले दुलहीले टेकी कन्या केटीले दुलहीलाई भित्राउँदछिन् र दुलाहापनि पछि पछि रगतलाई टेकि भित्र जाने गर्दछन् । मगरहरूमा सिन्दुर हाल्ने चलन छैन । यही भालेपोथीको रगतमा टेकेपछि विवाह भएको मानिन्छ । तर आजभोलि हिन्दु धर्मको प्भावमा कारण सिन्दुर हाल्ने गरेको पनि पाइन्छ । यसरी दुलाहा दुलाहीलाई घर भित्राएपछि आफन्तहरूले मासु र रक्सी खाई रमाइलो गर्दछन् । विवाह भएको ३ देखि ५ दिनमा केटापक्षका मानिसहरू केटीको घरमा जानकारी दिन जाने गर्दछन् । जसलाई सोधनी भनिन्छ । सोधनीमा जाँदा जानकारी मात्र नदिइ ढोगभेट गर्ने दिन पनि पक्का गरिन्छ । साथै अन्य खानेकुराहरूको बारेमा पनि छलफल हुने गर्दछ । ढोग भेटको दिन निश्चित भएपछि दिन बिहानै तोके बमोजिमको खानेकुरा ( जाँड रक्सी, रोटी, मासु) आदि दुलाहाको घरबाट दुलहीको घरमा पुऱ्याइन्छ र दुलाहाको घरमा

खानपिन पछि जन्ती दुलहीको घरमा जाने गर्दछन् । जन्ती आर्थिक अवस्था अनुसार पञ्चै बाजा बजाएर पनि जाने गर्दछन् । दिनभर नाचगान गरी रमाइलो गनुका साथै दुलहीका आमा, बुबा, मामा लगायतका आफन्तहरूले दुलाहा दुलहिलाई टिका लगाइदिई ढोक भेट फुकाउने गरिन्छ र दुलाहा दुलाहिलाई सक्दो दक्षिणा र दाइजो पनि दिने चलन छ । ढोकभेट र टिकाटालो सिद्धिएपछि खानपिन गरी जन्ती फर्कने गर्दछ । जन्ती फर्कदा दुलाहीका साथी र बहिनीहरूले रक्सी र रोटी खानदिई बाटो छोडि दिन्छन् । यसरी फर्केर जन्तीकेटाको घरमा पुगेपछि पुन खानपिन र रमाइलो गर्ने प्रचलन रहेको छ ।

### ६.१.५ मृत्यु संस्कार

मानिसको मृत्यु पश्चात हरेक जातिले आफनो रीतिरिवाज संस्कृति र चालचलन अनुसार मृत्यु संस्कार सम्पन्न गर्ने गर्दछन् । अध्ययन क्षेत्रका मगरहरूले पनि कुनै व्यक्तिको मृत्यु भएपछि छोरा भए छोराहरूले र नभए नजिकको हकवाला दाजुभाईले मृतकको मुखमा कपासको बत्ति बालेर पानी हाल्ने गर्दछन् । यसलाई दागवत्ती दिने भनिन्छ । दागवत्ती दिने कार्य घरमा वा घाटमा गरिन्छ । आफना आफन्तहरू र इष्टमित्रहरू जम्मा भइसकेपछि लासलाई कात्राले बेरी बासको खट माथि राखि पहिले छोराहरूले बोक्दछन् । यसलाई काध दिने भनिन्छ । यहि छोरा नभएमा दाजु भाई पर्ने नातेदारले सो काम गर्दछन् । त्यसपछि आफन्तले पालैपालो बोकेर घाटमा लैजान्छन् । घाटमा लाश लैजादा लाश लैजादा लाशको अगी अगी १ जना आफन्तले सेतो तुल लिएर मरेको मान्छे ल्याएको छ । बाटो छोड भन्दै जाने गर्दछन् । उक्त मानिसले लोटामा पानी र जौत, तिल, मास र सिन्का लिएर दोवाटोहरूमा फ्याक्दै हिड्छन् जसलाई सिवाट भन्दछन् । लाशलाई घाटमा पुऱ्याएपछि लासलाई माटोको टिका लगाइर्दि उसलाई जिउँदो छदा मनपर्ने खाना, फलफूल र एक माना चामल मुखमा राखिदिन्छछन् । लाशलाई जलाउने वा गाड्ने ठाउँमा पैसा र चामल राख्ने चलन छ । यसलाई धर्ती किन्ने भनिन्छ । लाशलाई छोरा वा आफन्तबाट दागबत्ती दिइसकेपछि छोराहरूले नुहाएर भाञ्ज वा ज्वाइबाट केश मुण्डन गरि कपाल नदिमा बगाउने गर्दछन् र सेतो कपडा लगाएर किरियाबस्दछन् । किरिया सामान्यतया १३ दिन बस्ने गर्दछन् तर दोभासे पर्ने अवस्था भएमा ९ वा ११ दिनमा पनि चोख्याउने गर्दछन् तर त्यो भन्दा थोरै दिन भए मृतकको पुतला बनाई जलाएर १३ दिनसम्म नै किरिया बस्ने गर्दछन् । उक्त किरिया अवधि धरी विहानै धारा वा पँधेरामा गई नुहाएर किरियापुत्रीले आफै पकाई दिनको एक छाक मात्र ध्यू चिनीसँग खाने गर्दछन् । किरियापुत्रीलाई किरिया अवधि भर कसैले पनि हुनुहुँदैन । १३ दिनपछि जुठो चोख्याउने दिन आफना चेलीबेटी,

इष्टमित्र, दाजुभाइ, नातापाता र मलामिहरू जम्मा भई ब्राह्मण वा आफनै जातिको पुरोहितद्धारा वैदिक विधि अनुसार जुठो चोख्याउने गरिन्छ। पुरोहित नराख्नेहरूले पुरोहितबाट गहुत मन्तरेर ल्याई कुटुम्बद्धारा यो कार्य गर्ने गरिन्छ। १३ दिने दाजुभाई र ५ दिने दाजुभाईहरूलाई समेत गहुत खाँदै दिई चोख्याउने गरिन्छ। गाउँलेहरू १ माना चामल लिएर आई चामल एकै ठाउँमा जम्मा गर्दछन् र खाना, पेय पदार्थ, सेल, पुरी, दाल, भात, मास खाई घर फर्कन्छन्। यो दिन चोख्याउन मासु र जाँड नभै नहुने भएकोले आफनो क्षमता अनुसार सुँगुर, कुखुरा, खसी काटी खानपिन गरिन्छ। चेलीबेटी र कुटुम्बहरूलाई टिका लगाइ दक्षिणा दिने गरिन्छ । आमा बाबु मरेको भए छोरीले बेसार र नुन ल्याएर दाजुभाईलाई मुखमा लगाइदिने चलन छ यसपछि नुन खान शुरु गरिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझावहरू

## ७.१ सारांश

नेपालका विभिन्न जाति, समुदायहरू मध्ये परापूर्वकालदेखि नेपालमा विभिन्न भागमा बसोबास गर्दै आइरहेका मगरहरू, मंगोलियन मुलुकका जाति वा समुदाय हुन् । यस अध्ययनमा कार्यविनायक नगरपालिकाका ६५ घरधुरी नमुना छनौटका आधारमा सर्वेक्षण गरी उक्त ठाउँका मगरहरूको सामाजिक तथा आर्थिक पक्षको समाजशास्त्रीय अध्ययन गरिएको छ । नेपालमा बसोबास गर्ने विभिन्न जाति, जनजाति वा समुदायहरूको आ आफ्नै प्रकारको भाषा, संस्कृति, धर्म र परम्पराहरू छन् । ती मध्ये परापूर्वका कालदेखि नै नेपालमा बसोबास गर्दै आइरहेका मगर जाति वा समुदायको थुप्रै अध्ययन अनुसन्धान भएता पनि यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको हालसम्म कुनै प्रकारको अध्ययन अनुसन्धान नभएको हुनाले यो अध्ययन क्षेत्र छनोट गरिएको हो । उनीहरूको सामाजिक तथा आर्थिक पक्षको जातिय वर्णनको इतिहास तयार पार्ने सामाजिक र आर्थिक अवस्थाको अध्ययन अनुसन्धान गर्ने उद्देश्य राखी यो अध्ययनलाई अगाडी बढाइएको हो ।

यस अध्ययनमा तथ्यांक संकलन गर्दा प्रश्नावली, अर्न्तवार्ता सूची र अवलोकन विधिको प्रयोग गरिएको छ । तथ्यांकको प्रकृति गुणात्मक र संख्यात्मक रूपमा रहेको छ । त्यस्तै तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण गरिएको छ । सान्दर्भिक साहित्यको समिक्षा गर्ने क्रममा इतिहासकार मानवशास्त्री/समाजशास्त्री र भाषाविद्हरूले हालसम्म मगर जातिको सम्बन्धमा गरिएको अनुसन्धानहरूको निष्कर्ष र भनाइहरूलाई समावेश गरिएको छ ।

हिन्दू धर्मसँग सम्बन्धित चाडपर्वहरू मान्ने उक्त स्थानका मगरहरूको चाडपर्व मान्ने सैली भने आफ्नै मौलिक प्रकृतिको रहेको छ । शैक्षिक दृष्टिकोणले मगर जातिको स्थिति भने राम्रै देखिन्छ । उक्त ठाउँमा मगरहरूको प्रमुख पेशा भनेको ज्यालादारी, श्रमीक, पशुपालन, कृषी, भर्ती र व्यापारव्यवसाय रहेको पाइयो ।

जीवनचक्र संस्कारहरू र चाडपर्वहरूमा पहिलेको अवस्थामा भन्दा परिवर्तन भएको पाइन्छ । अनुसन्धानको क्रममा विभिन्न पुस्तक लेख रचना, रिपोर्ट, सम्बन्धित तथा सार्न्दभिक पुस्तकहरू,

पूर्वप्रकाशित शोध प्रस्तावहरूको सहायता लिइएको छ । कार्यक्षेत्र अध्ययनका आधारमा अनुसन्धान गरिएको छ ।

## ७.२ निष्कर्ष

मगरजाति परम्परादेखि नै नेपालका विभिन्न भागहरूमा बसोबास गर्दै आइरहेको एउटा ठूलो जनजातिय समुदाय वा जाति हुन् । मंगोलियन मुलका उक्त जनजाति अध्ययन क्षेत्रमा ललितपुर जिल्लाको कार्यविनायक नगरपालिका मा पहिलेदेखि नै बसोबास गर्दै आइरहेका छन् । मगर समाजका सामाीजक तथा आर्थिक क्रियाकलापका विशेषता परम्परागत छन् । हिन्दु धर्म र त्यससँग सम्बन्धित चाडपर्व र संस्कारहरू अपनाउदै आएका उक्त ठाउँका मगरहरू आफ्नै मौलिक तरिकाले चाडपर्व, पूजाआजा र संस्कारहरू सम्पन्न गर्दछन् । उक्त ठाउँका मगरहरू आर्थिक र सामाजिक दृष्टिकोणले अन्य जाति भन्दा पछाडि परेको पाइन्छ । आपसी घनिष्ठ सम्बन्ध राख्ने, इमान्दार, मिलनसार र छलफल र आपसमा सहयोगी भावना भएका उक्त ठाउँमा बसोबास गर्ने मगरहरूको अध्ययन गर्दा आफ्नै प्रकारको रितीरिवाज, संस्कृतिहरू, चाडपर्व, पूजाआजा, संस्कारहरू, चालचलनहरू अपनाउदै आएता पनि वर्तमान समयमा आएको आधुनिककरणको प्रभाव अन्यजाति/जनजातिहरूको सम्बन्ध परसंस्कृति ग्रहण, शिक्षा र चेतनाको प्रभाव जस्ता कारणले उनीहरूको सांस्कृतिक तथा सामाजिक पक्षमा केही परिवर्तन हुँदै गइरहेको पाइन्छ । त्यसकारण उनीहरूका मौलिक संस्कृति पक्षलाई जोगाइ राख्न र उनीहरूलाई आफ्नो सामाजिक तथा सांस्कृतिक अवस्थाको वारेमा सचेत बनाउँदै आफ्नो जातिय पहिचान र अस्तित्वलाई जोगाइराख्न यो अध्ययनले सहयोग पुग्ने अपेक्षा गरेको छु ।

## ७.३ सुझावहरू

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरू मध्ये मगर जाति परम्परादेखि नै बसोबास गर्दै आइरहेको एउटा जाति हो । आफ्नो स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने क्रममा मैले ललितपुर जिल्ला कार्यविनायक नगरपालिका मा बसोबास गर्ने मगर जातिको सामाजिक तथा आर्थिक पक्षको अध्ययन अनुसन्धान गरेको छु । निश्चित समय, स्रोत र साधनको कारण मगर समुदायका समग्र पक्षको विस्तृत अध्ययन गर्न सकिएको छैन । त्यसैले आगामी दिनमा यस ठाउँमा बसोबास गर्ने मगर जाति वा समुदाय अध्ययन गर्ने अनुसन्धानकर्ताहरूलाई निम्न पक्षमा अनुसन्धान गर्नका लागि जोड दिन चाहन्छु ।

- मगरहरूको जीवनी इतिहास
- मगरहरूको राजनैतिक सहभागिता
- मगर जातिको लैंगिक सम्बन्ध
- मगर समाजमा निति निर्माण महिलाको सहभागिता
- मगर जाति र अन्य जातिहरू बीचको अन्तर सम्बन्ध
- मगर जातमा परेको आधुनिककरणको प्रभाव
- मगरहरूमा देखिएको सांस्कृतिकरणको प्रभाव

# सन्दर्भ सामग्रीहरुः


अर्याल, भोजेन्द्र (२०६५), **नेपाली समाज र संस्कृतिको विश्लेषण**, काठमाडौंः ज्ञानकुञ्ज प्रकाशन ।

गुरुङ, जगमान (२०६७) **गण्डकीप्रसवणक्षेत्रको सांस्कृतिक सम्पदा**, पश्चिमाञ्चल विकास मञ्च काठमाडौ।

घर्तिमगर, बालाराम (२०५३) **मुल**, पहिलो संस्करण मुना प्रेश सातदोवाटो ललितपुर ।

थापा मगर, लोक बहादुर (२०५२) **मगरांती भाषाको व्याकरण**ः राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग २०६८ राष्ट्रिय जनगणना, काठमाडौंः थापाथली ।

पोखरेल, किरण (२०६७) **रोल्पा जिल्ला थवाङ्ग गा.वि.स.का मगर जातीका सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन,** अप्रकाशित एम.ए. सोधपत्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर

बुढा मगर, हर्ष बहादुर (२०५६) **किंरात बंश र मगर,** काठमाडौंः दिपतारा अफसेट प्रेश ।

विष्ट, डोर बहादुर (२०३४) **सबै जातको फुलवारी ।** काठमाडौंः तेस्रो संस्करण, साझा प्रकाशन ।

संविधान सभा सचिवालय (२०७२) , नेपालको संविधान २०७२, काठमाडौं ।

शर्मा, जनकलाल (२०३९) **हाम्रो समाज एक अध्ययन,** काठमाडौंः साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (२०५१) **नेपाली जनजीवन,** काठमाडौंः साझा प्रकाशन ।

शर्मा, खेमराज (२०६८) **प्युठान जिल्ला सुजिनपुर गाउंका मगर जातीको सांस्कृतिक तथा सामाजिक पक्षको एक सामाजशास्त्रीय अध्ययन,** अप्रकाशित एम.ए. शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

क्षेत्री, नीरु कुमारी (२०६१) **पोखरा उपनगरपालिका वडा नं.१० र १५ का मगर जातीका सामाजिक, आर्थिक संरचना, निरन्तरता र संगठनात्मक परिवर्तन एक अध्ययन (अप्रकाशित),** काठमाडौं एम.ए. सोधपत्र त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर ।

Baral Magar, K. J. (2050). *Magar Culture of Palpa, Syanja and Tanahu.* Royal Nepal Academy, Kathmandu.

Bhusan, B. (1989). *Dictionary of Sociology*. Anmol Distributions, New Delhi.

Bista, D. B. (1972). *People of Nepal*. Ratna Pustak Bhandar Kathmandu.

Gautam R. and Thapa, A.K., (1994). *Tribal Ethnography of Nepal*, Delhi, Book of Faith India.

Gharti Magar, B. R. (1999). *Roots*. Taranath Sharma (Tr.). Lalitpur: Balaram Gharti Magar.

Hagen, T. (1970). *Nepal the Kingdom in the Himalayas*. New Delhi: Oxford & IBH Publishing Co.

Hitchcock, J. T. (1966). *The Magars of Banyan Hill*; Holt, Rinehart and Winston.

Hodgson, H.B. (1833/1991 reprinted). *'Essays on the Languages, Literature and 141 Religion of Nepal and Tibet'*. Asian Educational Services.New Delhi. Madras.

Molnar, A. (1984). *Female ambignity and liminality in Kham Magar belief,* 'Himalaya' the Journal of the Association for Nepal and Himlayan studies, Vol.4 (2), 31-42.

Rana, B. K. (2003). *Sanchhipta Magar Itihas* (A Concise History of Magars).

Sinjali, T. (2012). *Socio-economic Status of Magar Community* : *A Case Study of Devisthan VDC of Baglung District.* M.A. dissertation submitted to Department of Rural Developmet, T.U., Kathmandu (unpublished).

Thapa Magar, S. (2013). *Report on "Constructing Identity: Transition from Assimilation towards identification: a case study among Magars of Nepal"*.Report submitted to SNV Nepal.

UNDP/GoN (2014). Nepal Human Development Report.

Vansittart, E. (1993). *The Gurkhas*. (Reprint): Anmol Publications, New Delhi.

# अनुसूची

## अनुसन्धानको क्रममा घरधुरी सर्वेक्षण गर्दा प्रयोग गरिएका प्रश्नावलीहरू

नाम : ............................... गाविस/न पा : .................................. वडा नं. .......

जिल्ला : .......................... अञ्चल : .......................

१) पारिवारिक विवरण

| **क.नं.** | **नाम** | **घरमुलीसंगको नाता** | **लिङ** | **उमेर** | **वैवाहिक स्थिति** | **पेशा** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२) तपाईंको मुख्य पेशा वा व्यवसाय के हो ?

३) तपाईको बुबा बाजेको पेशा व्यवसाय र तपाईको पेशा व्यवसायका केही फरक छ?

i) छ ii) छैन

क) छ भने कुन कुरामा फरक परेको छ ?

४) बसोबासको पृष्ठभुमी :

i) तपाई यो ठाउंमा कहिलेदेखि बसोबास गर्नुभएको हो ? .................................

५)   तपाईको जग्गा जमिन कति छ ?

| **जमिनको किसिम** | **सिन्चित** | **असिन्चित** |
|---|---|---|
| खेत | | |
| बारी | | |
| खरबारी पाखो | | |
| जंगल | | |

६)   खाद्यान्न उत्पादन (प्रतिवर्ष मुरीमा)

| **क. सं.** | **वालिको किसिम** | **उत्पादन** |
|---|---|---|
| १ | मकै | |
| २ | धन | |
| ३ | गहुं | |
| ४ | कोदो | |
| ५ | अन्य | |

७)   तपाईको आफ्नो जग्गाको उत्पादनले खान पुग्छ कि पुग्दैन ?

i) पुग्छ   ii) पुग्दैन

क) यदि खान पुग्दैन भने कति महिना पुग्दैन ? .............

ख) यदि खान पुग्छ भने बढी भएको अन्न के गर्नुहुन्छ ? ....................................

८)   यदि पुग्दैन भने आवश्यक खाद्यान्न कहांबाट जुटाउनुहुन्छ ?

.....................................................

९)	तपाईको घरमा पशु पंक्षी पाल्नुभएको विवरण र पाल्नुको कारण के हो ?

| **पशुको किसिम** | **संख्या** | **कारण** |
|---|---|---|
| गाई | | |
| भैंसी | | |
| गोरु | | |
| भेडा, बाखा | | |
| बंगुर, सुंगुर | | |
| हांस, कुखुरा | | |
| अन्य | | |

१०)	आम्दानीका स्रोतहरू के के हुन् ?

| **आम्दानीको स्रोत** | **वार्षिक आम्दानि (हजारमा)** |
|---|---|
| कृषि | |
| मजदुर, श्रम | |
| सरकारी जागिर | |
| बैदेसिक रोजगारि | |
| पेन्सन | |
| व्यापार | |
| अन्य | |

११)	तपाईको वार्षिक खर्च कति गर्नुहुन्छ ?

| **ि वषय** | **खर्च (रूपैया हजारमा)** |
|---|---|
| कृषि | |
| शिक्षा | |
| स्वास्थ्य | |
| चाडपर्व | |
| लुगा, खाद्यान्न | |
| अन्य | |

१२)　तपाईको आम्दानी वचत हुने भए कति हुन्छ र कुन काममा उपयोग गर्नुहुन्छ ?

......................................................................................................

१३)　तपाईको परिवारको किसिम कस्तो छ ?

क) एकल　　ख) संयुक्त

१४)　तपाईले कुन उमेरमा विवाह गर्नुभएको हो ? ..................................................

१५)　तपाईको कस्तो प्रकारको विवाह हो ?

क) प्रेम　　ख)　मागी　　ग) चोरी　　घ) अन्य

१६) यस समुदायमा दोस्रो विवाह गर्ने चलन कतिको छ ? कुन कुन कारणले दोस्रो विवाह गरिन्छ?

......................................................................................................

१७)　विवाह प्रथामा पहिला भन्दा अहिले कस्तो परिवर्तन आएको छ ?

......................................................................................................

१८)　तपाईको घरमा बच्चाको जन्म भएपछि के कस्ता संस्कार हुन्छन् ?

......................................................................................................

१९)　तपाईहरूको जातिमा कुनै व्यक्तिको मृत्यु भएमा के कस्ता संस्कार हुन्छन् ?

......................................................................................................

२०)　तपाईहरूको मुख्य चाडपर्वहरू के के हुन् र कसरी मनाउनु हुन्छ ?

| मुख्य चाड | सहायक चाडपर्व |
| --- | --- |
| | |
| | |
| | |

२१)　तपाई विरामी पर्दा कहां उपचार गराउनुहुन्छ?

क) धामी झांक्रीसंग　　ख) अस्पतालमा

ग) वैद्यकोमा　　घ) धामी झांक्री र अस्पताल दुवैमा

२२)　कोसंग उपचार गराउन बढी विश्वास लाग्छ ?

क) धामी झांक्रीसंग　ख) डाक्टरसंग　ग) वैद्यसंग

२३)　तपाई चर्पीको प्रयोग गर्नुहुन्छ कि हुंदैन ?

क) प्रयोग गर्दिन　ख) प्रयोग गर्छु　ग) चर्पी नै छैन

२४)　प्राकृतिक श्रोत र उपयोग

क) तपाँई कहांको पानी प्रयोग गर्नु हुन्छ?

i)　धारामा　ii) कुवामा　iii) अन्य

ख) तपाई खाना पकाउन कुन कुन इन्धनको प्रयोग गर्नु हुन्छ?

i)　दाउरा　ii) मट्टीतेल　iii)　ग्यांस　iv) अन्य

२५)　तपाईले कुन कुन सिप जान्नुभएको छ र त्यसको प्रयोग भएको छ कि छैन ?

i)　छ　ii) छैन

क) प्रयोग नगर्नु भएको भए किन गर्नु भएन ?

..........................................................................................................

२६)　तपाईको पुर्खाले जानेको सिप जान्नुभएको छ कि छैन ?

i)　छ　ii) छैन

क) जान्नु भएको छैन भने किन ?

..........................................................................................................

२७)　तपाईको जातिमा मातृभाषाको प्रयोग कस्तो छ ?

i)　पहिलेको भन्दा कम　ii) पहिलेको भन्दा बढी

iii)　पहिले र अहिले बराबर　iv) प्रयोग भएको छैन

२८)　तपाईको संस्कार र परम्परामा पहिलाभन्दा फरक देख्नुभएको छ कि छैन ?

i)　छ　ii) छैन

क) फरक देख्नु भएको भए के फरक छ ?

..................................................................................................

२९) तपाईलाई परिवार नियोजनका कुन कुन साधनका बारेमा थाहा छ ?

..................................................................................................

३०) तपाईलाई खोपको बारेमा थाहा छ र बच्चालाई खोप लगाउनु हुन्छ ?

..................................................................................................

३१) तपाईले आफनो संस्कृतिलाई परम्परागत रूपमा कायम राख्न चाहनुहुन्छ वा समय अनुसार परिवर्तन गर्न चाहनुहुन्छ ?

..................................................................................................

३२) तपाईको गाउं विकास निर्माण कार्यमा कस्तो सहभागिता हुन्छ ?

i) निर्णय प्रक्रियामा सहभागी हुन्छ ii) छलफलमा मात्र सहभागी हुन्छु

iii) कार्यन्वयन अथमा काममा मात्र सहभागी हुन्छु iv) अन्य

३३) गाउंको विकास निर्माण कार्यमा कसको सहभागिता हुन्छ ?

i) पुरुषको ii) महिलाको iii) दुवैको समान सहभागिता

३४) घरायसी निर्णय प्रक्रियामा कसको बढी सहभागिता हुन्छ ?

i) पुरुषको ii) महिलाको iii) दुवैको समान सहभागिता

३५) तपाई आपनो पेशा वा व्यवसाय कामप्रती कतिको सन्तुष्टी हुनुहुन्छ ?

..................................................................................................

३६) तपाईको समुदायमा पुरानो पेशा छाडेर नयां पेशा अंगाल्नु भएको छ कि छैन ?

i) छ ii) छैन

क) छ भने कुन पेशा बढी अंगालेको देख्नुहुन्छ ?

..................................................................................................

सहयोगको लागि धन्यबाद ।